नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily


मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218



● वर्ष १ ● अंक ४६ ● २०७९ साल पुस १० गते आइतवार ● Sunday 25, Dec. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

बारामा मारिएका यादव 'नक्सलाईट' समूहको नेता रहेको खुलासा

मधेशदृष्टि
वीरगंज, पुस ९ ।
बारामा गोली हानी हत्या गरिएका भारतीय नागरिक शिवपुजन यादव नक्सलाईट समूहको नेता रहेको खुलासा भएको छ ।
शुक्रवार सांझ बाराको महागढीमाई नगरपालिका भुतही पुल नजिकैको नास्ता पसलमा यादवमाथिको गोली काण्ड अपराधिक गिरोह बीचको द्वन्द रहेको रहस्य खुलेको छ । भारतीय व्यापारी भनिएका मृतक यादव व्यापारी नभएर कुख्यात अपराधी तथा आतंकवादी समूहमा आबद्ध रहेको बुझिएको छ । अनुसन्धानमा खटिएका प्रहरी श्रोतका अनुसार मृतक यादव भारतका कयौं स्थानमा अपराधिक घटना गरेर लुक्न नेपाल बस्दै आएको थिए र सोही क्रममा यो घटना हुन गएको हो । उनीमाथि भारतका छौडादानो, घोडासहन, मोतिहारी लगायतका स्थानमा डकैती, ज्यान मार्ने उद्योग, लुटपाट, हात हतियार सम्बन्धी एक दर्जन भन्दा बढी मुद्दा रहेको अनुसन्धानको क्रममा भारतीय पक्षबाट खुल्न आएको जिल्ला प्रहरी कार्यालय बाराका डिएसपी एवं प्रवक्ता राजेश थापाले बताएका छन ।
श्रोतका अनुसार २०२२ अप्रिल २ तारिखको दिन शिवपुजन यादवले जग्गा विवादमा छौडादानो ग्राम पञ्चायतका उपप्रमुख समेत रहेका आफ्नै ठूलो बुवाको छोरा रमेश यादवको हत्या गरेका थिए । यादवको हत्या पछि फरार रहेका शिवपुजन नेपालको बीरगंज, जनकपुर, काठमाडौं, रौतहट लगायतका स्थानमा लुकिछिपी बस्दै आएका थिए । बाराको बरियारपुर स्थित छोरीको घरमा हिजो साँझ पुगेर नास्ता पसलमा आफ्ना ३ जना सहयोगी सहित बसेका यादवलाई भारतबाट प्रवेश गरी मृतक रमेश यादवका भाई दिनेश यादव सहितको अपराधिक गिरोहले गोली प्रहार गरेर भारततिर नै फरार भएको श्रोतले जनाएको छ । गोली प्रहार गरेसँगै दिनेश यादवको समूह फरार भएको र शिवपुजन सँग रहेका ३ जना मध्ये एक जना फरार हुनुले शिवपुजनको सम्पूर्ण सूचना दिनेशलाई सोही व्यक्तिले बारे थप भारतीय प्रहरीको



दिएको हुन सक्ने आशंका गरिएको छ । शिवपुजन घाइते भएसँगै उनलाई वीरगंजको गण्डक स्थित न्युरो अस्पताल पुऱ्याउने प्रमोद रामलाई प्रहरीले शिवपुजनको मृत्युसँगै पक्राउ गरी अनुसन्धान अगाडी बढाएको छ । शिवपुजनको नक्सलाईट समूहसँगको आबद्धता सहितको घटना बारे थप भारतीय प्रहरीको

बढ्यो सुरक्षा चुनौती

नेपाल प्रवेश गरेर भारतीय अपराधीले गोली हानेर हत्या गर्नु घटनाले नेपाल प्रहरीका लागि चुनौती थपिएको छ ।
सीमा क्षेत्रमा नेपाल र सशस्त्र प्रहरीको सुरक्षा भएपनि भारतीय अपराधीले नेपाल प्रवेश गरेर हत्या गरेर पुनः भारततिर सहज रुपले जाने गरेको घटनाले नेपाल प्रहरीको सुरक्षामाथि प्रश्न खडा गरेको छ । तर प्रहरी निकायले खुल्ला सीमानाकाको घटना घटन गएको भनी पन्छिने प्रयास गरेका छन ।
मधेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरिक्षक सुमन कुमार तिम्लिसिनाले भने खुल्ला सीमानाका भएको कारण संवेदनशीलता बढेर सुरक्षामा चुनौती थपिएको हो । खुल्ला सीमानाका भएको कारण दुवै क्षेत्रका नागरिक सहजै ढंगबाट आवत जावत गर्ने भएकाले संवेदनशीलता बढेको हो ।
तर घटनापछि नेपाल प्रहरी सर्तक भएका छन् । सीमा क्षेत्रमा कडाई गरिएको छ । कुनै नागरिकलाई असहज नहुने गरी चेकजाँडमा कडाई गरिएको छ । नेपाल र सशस्त्र प्रहरी दुवैले सुरक्षा चेकजाँडमा कडाई गरेको उनले बताए ।
यता गोली हान्ने जस्ता अपराधिक घटना घटाएर सहजैबाट प्रवेश गर्ने र पुनः भारततिर नै फरार हुनुले नेपाल प्रहरीको सुरक्षामाथि प्रश्नचिन्ह खडा बारे जिप्रका बाराका प्रवक्ता राजेश थापाले भने के गर्ने खुल्ला सीमा भएको फाइदा अपराधिक समूहले उठाउँदै आएका छन ।
यी घटनाले प्रहरीको सुरक्षामाथि थपेकै हो । हामी सर्तक भएका छौं, चेकजाँचमा कडाई गरेका छौं ।

मुखियापट्टीमा गोली हानी एकको हत्या



मधेश दृष्टि
जनकपुरधाम, पुस ९ ।
धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिकामा एक जनालाई गोली हानी हत्या गरिएको छ । शनिवार सांझ अज्ञात समूहले चलाएको गोली लागेर मुखियापट्टी मुसहरनिया गाउँपालिका २ का ४० वर्षिय धनुष दासको मृत्यु भएको हो । गोली लागेर घाइते भएका दासलाई उपचारका लागि जनकपुरधाम स्थित प्रादेशिक अस्पतालमा ल्याउने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
घाइते दासको बायाँ छातीमा गोली लागेको प्रहरीले जनाएको छ । गोली कसले र किन चलाएको विषयमा अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

अवैध कपडा र गाँजा बरामद एक महिला पक्राउ

मधेशदृष्टि
रौतहट, पुस ९ ।
रौतहट प्रहरीले अवैध भारतीय कपडा बरामद गर्नुका साथै एक महिलालाई लागू औषध गाँजा सहित पक्राउ गरेको छ ।
जिल्लाको विभिन्न स्थानबाट सुरक्षा गस्तीमा खटेका प्रहरी टोलीले करीब १० लाख मूल्य बराबरको भन्सार छली ल्याइएको अवैध भारतीय रेडिमेड कपडा बरामद गरेका हो ।
जिल्ला प्रहरी कार्यालय रौतहट र इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको संयुक्त टोलीले चन्द्रपुर तल्लो बजार स्थित झन्डै १० लाख मूल्य बराबरको रेडिमेड कपडा बरामद गरेको जनाइएको छ ।
भन्सार छली अवैध कपडा भित्र्याएको सूचनाको आधारमा गएको टोलीले लेडिज उलन, कुर्ता सुरवाल, लेहँगा चुनरी लगायत ९ लाख ९७ हजार ८५० बराबरको विभिन्न कपडा बरामद गरी आवश्यक कारबाहीको लागि राजस्व

- बाँकी पृष्ठ २ मा

दुधको उचित मुल्य नपाएको कृषकहरुको गुनासो

गोठदेखि उपभोक्ताको भान्छासम्म पुग्दा प्रतिलिटर ३० रुपयाँ अन्तर

शारदा पोखरेल
बारा, पुस ९ ।
पशुपालन किसानको गोठमा उत्पादन भएको दुध उपभोक्ताको भान्छासम्म पुग्दा त्यसको मुल्यमा कति अन्तर पर्छ होला ? अनुमान लगाउनुस् प्रतिलिटर ५ वा १० रुपयाँ होईन प्रतिलिटर ३० रुपयाँसम्म फरक पर्ने गरेको छ । किसानले उत्पादन गरेको दुध सहकारीहरुले प्रतिलिटर दुधको चिल्लो पर्दाथ र गुलियोको मात्रा हेरेर ६० देखि ७० रुपयाँमा खरिद गर्ने गर्दछन् तर सोही दुध उपभोक्ताको भान्छासम्म पुग्दा प्रतिलिटर ९० देखि सय रुपयाँ पर्ने गर्दछ ।
जितपुरसीमरा उपमहानगर वडा नं १६ महेन्द्रनगरका शंकरराज अर्यालले करिव १ करोड लगानीमा २० वटा गाई, ५५ वटा बाखा पालन गरेका छन् । उनले गोठमा भएका १६ वटा दुहुना गाईको दैनिक ७० देखि ७५ लिटर दुध बिक्री गर्दछन् । अर्यालले उत्पादन गरेको दुध बजारमा प्रतिलिटर ९० देखि सय रुपयाँमा बिक्री हुन्छ । तर सोही दुधको मुल्य सहकारी (डेरी) ले भने प्रतिलिटर ५८ देखि ६४ रुपयाँ भन्दा माथि नदिएको अर्यालको गुनासो छ ।
'डेरीले हामीलाई दिने मुल्य चित्त बुझ्दो छैन् तर त्यसको विकल्प पनि हामीसँग छैन, दुध बोकेर आफै बजार पुर्याउन सकिदैन्, १ करोड लगानी गरेर मासिक ५० हजार आम्दानी गरेर के फाईदा भयो भन्नु' पशुपालक अर्यालले भने 'तैपनि खाडी मुलुक गएर अरुको देशमा पसिना बगाउनु भन्दा यही केही संघर्ष गर्दा हुन्छ कि भनेर हो' उनले मासिक १ लाख २५ हजारको दुध ब्रिकी गर्दा त्यसको खर्च ६० प्रतिशत भन्दा माथि हुने बताउछन् । 'लागतको हिसाब गर्ने र बजारको दाना चोकरको मात्रै भर पर्ने हो भने यो पेशामा हातै हाल्नु पर्दैन,तर मैले त दाना, चोकर आफै बनाउछु, गहुँ, मकै,कनिका,भटमास, पिना मिलाएर आफैले दाना बनाएर खुवाँउछु, १ बिगाहामा व्यवसायीक रुपमा घाँस खेती

- बाँकी पृष्ठ ६ मा



जानकी मन्दिरमा पुर्वराजा शाहले गरे पुजापाठ

क्रिसमस मनाउन आज चितवन जाँदै

मधेशदृष्टि
जनकपुरधाम, पुस ९ ।
चार दिने निजी भ्रमणमा क्रममा शुक्रवार जनकपुरधाम आइपुगेका पूर्वराजा ज्ञानेन्द्र शाहले शनिवार जानकी मन्दिरमा पूजापाठ तथा दर्शन गरेका छन् ।
पुर्वरानी कोमल शाह, छोरी प्रणा र स्वकीय सचिव डा. सागर तिम्लिसिना सहित भ्रमणको क्रममा जनकपुरधाम आएका पुर्वराजा शाह बसाईको क्रममा शुक्रवार सांझ गंगा आरतीमा सहभागी भए



पूजापाठका लागि शनिबार जनकपुरधामस्थित जानकी मन्दिरमा पूर्वराजा ज्ञानेन्द्र शाहलाई मन्दिरका महन्त रामतपेश्वर दास र सहायक महन्त रामरोसन दासले मायाको चिनो प्रदान गर्दै ।

भने शनिवार बिहान जानकी मन्दिरमा पुगेर दर्शन तथा पुजापाठ गरे ।
पूर्वराजा शाह जानकी मन्दिर पुगे लगतै उनका हजारौंको संख्यामा रहेका समर्थकहरुले 'राजा आउ, देश बचाउ' भन्ने नारा लगाएका थिए ।
मन्दिरमा उनको स्वागतका लागि रेड कार्पेट बिछाइएको थियो भने मन्दिरका महन्थ, साधुसन्त र समर्थकले भव्य स्वागत गरेका थिए ।
पुजापाठ पश्चात मन्दिरका महन्त रामतपेश्वर दास र सहायक महन्त राम रोसन

- बाँकी पृष्ठ ६ मा



भरतपुर महानगरभित्र पर्ने नारायणगढ-गोन्द्राङ सडकखण्ड अन्तर्गत नारायणगढ बजारमा मापदण्ड विपरीत निर्माण गरिएका संरचना शनिबार भत्काइँदै । यो सडक खण्डमा सडक विस्तार गरी छ लेनको बनाउने कार्य भइरहेको छ । *तस्विरः कृष्ण आचार्य, रासस*

नोचा पोखरी पर्यटकको आकर्षण केन्द्र बन्दै

मिश्रीलाल मधुकर
जनकपुरधाम, पुस ९ ।

जनकपुरधाम उपमहानगरपालिका २० मा अवस्थित नोचा पोखरी (ताल) भारतबाट आउने पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ । प्राकृतिक छाया र रूखहरूको विविधताले यस पोखरीमा आकर्षण थपेको छ । जनकपुरधामदेखि जटही नाकासम्म जाने सडकबाट रुपैथा गाउँ अगाडि आधा किलोमिटर पूर्व-दक्षिणमा रहेको यो पोखरी देखेपछि पर्यटक बारम्बार आउनेजसो महसुस गर्छन् । गर्मी मौसममा मन्द हावा र रुखको छाया र सफा पानीले पर्यटकलाई करीब २१ एकडमा फैलिएको सो पोखरीले आकर्षित गर्छ । यही कारण गर्मी मौसममा गर्मीबाट राहत पाउन पर्यटक घण्टौं यस पोखरीको किनारमा बस्छन् भने यहाँ सयौं युवा युवतीहरू पिकनिकको लागि आउँने गर्छन् आउने गर्छन ।



नोचा पोखरीको इतिहास

नोचा पोखरीको इतिहास धेरै पुरानो छ । संस्कृतका विद्वान विनोद झा वैदिक पुरातन मिथिलामा साधु र साध्वीहरूको बासस्थान भएको विश्वास गर्छन् । यस भूमिमा चुन्चुनवती नामकी एक साध्वी थिइन् । घना जंगलमा तपस्या गरिन् । त्यसैले यस विश्वास छ । जनकपुरधाम । सो पोखरीको किनारमा धेरै यूट्यूबर र सेल्फी लिनेहरु ताल को नाम चुन्चुन वाटी राखिएको हो । कालान्तरमा यस पोखरको भिन्डामा ब्रह्माको स्थान हुन्छ। ब्रह्मबाबाको नाम नोचा ठाकुर हो । त्यसैले यो तालको नाम नोचा पोखर हुन पुगेको हो । यो पोखरी (ताल) उत्खनन गर्दा भएको स्थानीयको विश्वास छ । कसैलाई थाहा छैन। नोच सरोवर देवताले बनाएको भन्ने स्थानीयको उपमहानगरपालिका मेयर मनोजकुमार साहले यस तालको सरसफाइ र सौन्दर्यीकरणमा निकै चासो दिइरहेका छन्। मेयर हुनुअघि उनले सोनाको काम गर्दै आएका छन् । यस तालमा छिट्टै डुङ्गाको व्यवस्था गरिने र फास्टफुड पसलका लागि शेड निर्माण गरिने उनले जानकारी दिए । यसतर्फ ध्यान दिएमा सानो भारत ताल बनाउन सकिनेछ ।

मोटरसाइकल चोर्दै गर्दा एक पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, पुस ९ ।

जनकपुरधामबाट मोटरसाइकल चोरी गरिरहेको अवस्थामा एक युवकलाई धनुषा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरीको बलवा नगरपालिका वडा नम्बर-३ बस्ने २१ वर्षीय निरज साह रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । अस्पताल रोडमा प्रदेश २-०२-००३ प ४८१४ नम्बरको पल्सर मोटरसाइकल चोरी गर्दै गर्दा उनी पक्राउ परेको जानकी प्रहरी चोकीले जनाएको छ । प्रहरीका अनुसार सो मोटरसाइकल जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-६ बस्ने तुल्सी साहको रहेको छ । पक्राउ परेका युवकलाई जानकी प्रहरी चोकीले आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय धनुषामा बुझाएको छ ।



चिसोबाट जोगाउन कोषको रकम खर्च गर्न निर्देशन



मधेशदृष्टि
जनकपुरधाम, पुस ९ ।

शीतलहर, हिमपात तथा अत्यधिक चिसोबाट नागरिकलाई बचाउन जिल्लामा रहेको विपद् व्यवस्थापन कोषको रकम खर्च गर्न नेपाल सरकारले विभिन्न जिल्लालाई अख्तियारी दिएको छ ।

गृहमन्त्री बालकृष्ण खाणले मन्त्रीस्तरीय निर्णयबाट शीतलहर, हिमपात तथा अत्याधिक चिसो हुने २० जिल्लालाई तीन तहमा विभाजित गरी सोहीअनुरुप वितरण गर्ने अख्तियारी प्रदान गरेको जनाइएको छ ।

मन्त्रिपरिषदबाट शीतलहर, हिमपात तथा अत्यधिक चिसोबाट हुनसक्ने जोखिम एवं सम्भावित धनजनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी एवं प्रतिकार्य सम्बन्धमा भएको निर्णय कार्यान्वयन गर्न गृहमन्त्री खाणले सो निर्णय गरेको हो ।

सरकारले हिमाली जिल्ला सिन्धुपाल्चोक, रामेछाप, ताप्लेजुङ, सोलुखुम्बु, सङ्खुवासभा, दोलखा, रसुवा, धादिङ, मुस्ताङ, गोरखा, रुकुम पूर्व, हुम्ला, जुम्ला, मुगु, डाल्पा, कालीकोट, बझाङ, बाजुरा र दार्चुलालाई रु चार लाखका दरले खर्च गर्ने भन्ने अख्तियारी दिइएको छ ।

त्यसैगरी बढी प्रभावित हुनसक्ने तराईका जिल्ला सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, नवलपरासी पश्चिम, रुपन्देही र कपिलबस्तुलाई रु १२ लाखका दरले खर्च गर्ने अख्तियारी दिइएको बताइएको छ ।

त्यस्तै नवलपरासी पूर्व, दाङ, बाँके, बर्दिया र कञ्चनपुरलाई रु आठ लाखका दरले खर्च गर्ने अख्तियारी दिइएको छ । कोषमा रकम अपुग भएमा माग गरी नेपाल सरकारको स्वीकृत मापदण्डबमोजिम तोकिएको सीमाभित्र खर्च गर्न पनि निर्देशन दिइएको छ ।

तराईमा शीतलहर र हिमाल तथा पहाडमा अत्यधिक चिसो सुरु हुन लागेपछि सरकारले पूर्वतयारी स्वरुप यस्तो निर्णय गरेको मन्त्रालयले जनाएको छ । यसअघि साउन २० मा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति बैठकले 'विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ स्वीकृत' गरेको थियो ।

शिक्षकलाई दुर्व्यवहार गरेको आरोप

मधेशदृष्टि
जनकपुरधाम, पुस ९ ।

महोत्तरीको भंगहा नगरपालिका वडा नम्बरका ४ का अध्यक्ष गणेश प्रसाद महतोले अनुगमनको नाममा शिक्षकमाथि दुर्व्यवहार गरेको आरोप लगाइएको छ ।

गत बुधबार भंगहा नगरपालिका वडा ४ मा रहेको श्री राष्ट्रिय अधारभूत विद्यालयको अनुगमन गर्न पुगेका वडाध्यक्ष महतोले कक्षा कोठामै शिक्षकमाथि दुर्व्यवहार गरेको श्री राष्ट्रिय अधारभूत विद्यालयका प्रधानाध्यापक महेश साहको आरोप रहेको छ । प्रअ साहले अनुगमन गर्न पुगेका वडाअध्यक्ष महतो एउटा बेन्चमा चारजना विद्यार्थी किन बसाएको निहुँ खोजेर आफ्ना विद्यालयका शिक्षकलाई कक्षा कोठामै अश्लील शब्दको प्रयोग गरी अभद्र व्यवहार गरेको बताएका छन ।

उनले वडा अध्यक्ष महतोले आफ्नो क्षेत्राधिकार बाहिर गएर शिक्षक, प्रअ र व्यवस्थापन समितिको अध्यक्षको राजीनामको माग गरेको बताए ।

सो विद्यालयमा लामो समयदेखि कक्षाकोठा र डेस्क बेन्च सहितका फर्निचरको अभाव रहेको र आफूहरुले पटक पटक वडा कार्यालयलाई पत्र लेखेर नै ध्यानाकर्षण गराएपनि कुनै चासो नलिई उल्टै एउटा बेन्चमा चार/चार जनालाई किन बसाएको भनी दुर्व्यवहार गर्नु कतिको उचित रहेको भन्ने प्रतिप्रश्न प्रअ साहले गरे । विद्यालयमा भएको कमी कमजोरी सुधार्नका लागि व्यवस्थापन समिति र विभिन्न निकाय रहदाँ पनि वडाध्यक्षले मनपरी गलत रहेको विद्यालयका व्यवस्थापन समितिको अध्यक्ष संतोष कुमार महतोले बताए । उनले सभ्य भाषामा निर्देशन दिनुको सट्टा, सबैको राजीनामा माग्नु जनप्रतिनिधि भएको दम्भ देखाएनु जायज नरहेको भने ।

अवैध कपडा र गाँजा .....

अनुसन्धान कार्यालय पथलैयामा बुझाएको जिल्ला प्रहरीका निमित्त प्रवक्ता डिएसपी उमाशंकर यादवले बताएका छन । त्यसैगरी पसलमा लागुऔषध गाँजा बिक्री गरिरहेको सूचनाको आधारमा इलाका प्रहरी कार्यालय गरुडा र प्रहरी चौकी माधोपुरको संयुक्त टोलीले माधव नारायण नगरपालिका ५ मिठुअवाका प्रेमलाल साहको घरमा छापामारी गरी गाँजा सहित एक महिलालाई पक्राउ गरेको छ । छापामारीको क्रममा साहको घरमा साढे दुई किलोग्राम लागुऔषध गाँजा बरामद भएपछि गाँजा सहित उनको श्रीमती वर्ष ५२ की सितापती देवीलाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय गरुडाका इन्स्पेक्टर वीरेन्द्र पासवानले बताएका छन । गाँजासहित पक्राउ परेकी सितापती देवीमाथि लागुऔषध बेचबिखन सम्बन्धी मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,०००।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरू लागू हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०११९८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरू ☎☎

धनुषा (०४१)

एम्बुलेन्स	१०२, ५२६०९०
५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४	५२६३६०
प्रहरी	१००, ५२००९९
बारुण यन्त्र	५२००११
जनकपुर अञ्चल अस्पताल	५२००३३
रक्त संचार केन्द्र (रेडक्रस)	५२०८७०
आँखा अस्पताल	५२०३९७
विद्युत फ्यूज शाखा	५२०१५१
एयर पोर्ट	५२००४४
बुद्ध एयर	५२५०२२
यति एयरलाइन्स	५२००४७
जानकी केबुल	५२३७२८
साह केबुल	५२४७२२
मुर्जेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुर्जेलिया	५२७२१३, ५२७८००

महोत्तरी (०४४)

जलेश्वर अस्पताल	५२००७०
प्रहरी	५२०००९
एम्बुलेन्स	५२०१००
विद्युत	५२००६६, ५२०१६६

रत्नसागर मन्दिर (प्रत्येक दिन)

बिहान ढोका खुल्ने समय :	५:०० बजे
बिहान पूजा आरती:	८:०० बजे
भोगराज लाग्ने सयम:	११:३० बजे
निशुल्क अन्न क्षत्रे (दिउँसो):	१२:०० बजे
मन्दिर बन्द हुने समय:	१२:०० बजे
खुल्ने समय (दिउँसो):	४:०० बजे
रात्री आरती पूजा हुने समय:	९:३० बजे
रात्री मन्दिर बन्द हुने सयम:	१०:०० बजे

मन्दिरको समय

जानकी मन्दिर (प्रत्यके दिन)

बिहान ढोका खुल्ने समय :	०५:०० बजे
बिहान पूजा आरती :	०७:०० बजे
बिहान ढोका बन्द :	१२:०० बजे
अन्न क्षत्रे :	नि:शूल्क भोजन
दिउँसो ढोका खुल्ने समय :	०४:०० बजे
सन्ध्या पूजा आरती:साँझभ्का :	०७:३० बजे

राम मन्दिर (प्रत्येक दिन)

बिहान ढोका खुल्ने समय :	०५:०० बजे
मंगल आरती :	०७:३० बजे
महाप्रसाद भोग :	१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :	०३:३० बजे
सन्ध्या पुजा आरती साँझ :	०७:०० बजे
रात्रि भोग :	०९:०० बजे
पट बन्द :	०९:१५ बजे

----- राशिफल -----

मेष - ARIES
चु,चे,चो,ला,लि,लु,ले,लो,अ

रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

वृष- TAURUS
इ,उ,ए,ओ,वा,वि,बु,बे,बो

धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ ।

मिथुन - GEMINI
का,कि,कु,घ,ङ,छ,के,को,ह

मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला ।

कर्कट - CANCER
हि,हु,हे,हो,डा,डि,डु,डे,डो

पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

सिंह - LEO
मा,मि,मु,मे,मो,टा,टि,टु,टे

कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

कन्या - VIRGO
टो,प,पि,पु,ष,ण,ठ,पे,पो

आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

तुला - LIBRA
र,रि,रु,रे,रो,ता,ति,तु,ते

आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुविधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ ।

वृश्चिक - SCORPIO
तो,ना,नि,नु,ने,नो,या,यि,यु

एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

धनु- SAGITTARIUS
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे

आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

मकर - CAPRICORN
भो,ज,जि,खि,खु,खे,खो,गा,गि

शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति नै हुनेछ ।

कुम्भ - AQUARIUS
गु,गे,गो,सा,सि,सु,से,सो,द

लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

मीन - PISCES
दि,दु,थ,झ,ञ,दे,दो,च,चि

आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।



महोत्तरी जिल्लाको मूल भन्सार जलेश्वरको सीमा नाकामा नेपाल प्रवेशका लागि लामबद्ध भारतीय ग्यास बोकेका बुलेट ट्याङ्कर । *तस्विर :सञ्जीतकुमार मण्डल / रासस*

सरकार गठनका लागि थप समय माग्ने तयारी

मधेशदृष्टि
काठमाडौं, पुस ९ ।
सरकार गठनका लागि सत्तारुढ गठबन्धनले राष्ट्रपति विद्यादेवी भण्डारीसँग थप समय माग्ने तयारी गरेको छ ।
संविधानले धारा ७६ (२) अनुसार राष्ट्रपतिले दिएको समय भोलि सकिँदै छ । सो समयभित्र गठबन्धनले सरकार बनाउन सहमति जुटाउन नसक्ने भएपछि थप समय माग्ने तयारी गरिरहेको बताइएको छ ।
संविधानले प्रतिनिधिसभा सदस्यको परिणाम आएको एक महिनाभित्र गठनको आह्वान गर्न भनेको छ । सोही अनुसार गठबन्धनले राष्ट्रपतिबाट पाएको १० दिनको समय भोलि सकिन लागेको छ ।
बालुवाटारमा जारी गठबन्धन बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले छलफल जारी राख्ने र राष्ट्रपतिसँग थप समय माग्न आग्रह गर्ने शीर्ष नेताहरूलाई भनेका छन् भने गठबन्धनमा रहेका दलहरू नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले प्रधानमन्त्री दाबी गरेपछि सहमति जुट्न सकेको छैन ।
माओवादीले सरकारको नेतृत्व आफूले गर्नुपर्ने बताउँदै आएको छन् । पहिलो दल भएका कारण कांग्रेसले पनि आफ्नो दाबी कायम नै राखेको छ । यो समाचार लेख्दासम्म बालुवाटारमा शिर्षनेताहरुबीच छलफल जारी रहेको छ ।

त्रिविवि स्ववियूको निर्वाचन फागुन २८ गते गर्ने तयारी

मधेशदृष्टि
काठमाडौं, पुस ९ ।
स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन त्रिभुवन विश्वविद्यालयले आगामी फागुन २८ गते तयारी गरेको छ ।
त्रिवि पदाधिकारी, विभाग, संस्थान, नौ वटै सङ्कायका डीन र परीक्षा नियन्त्रकसँगको छलफलमा आगामी फागुन २८ गते नै तय गर्ने गरी त्रिवि अगाडि बढेको त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले बताएका छन् ।
स्वियु निर्वाचनको मिति प्रस्ताव गर्नका लागि यही पुस ११ गते विद्यार्थी सङ्गठनका अध्यक्षको बैठक बोलाइएको छ । निर्देशनालयका निर्देशक अधिकारीले उक्त मितिका लागि त्रिवि पूर्ण तयार भइसकेकोले विद्यार्थी संगठनसँग छलफल गरिने उनले बताए ।
उनले भने, 'विद्यार्थी संगठनले उक्त मितिमा सहमति जनाए हामी निर्वाचनको मिति घोषणा गरेर निर्वाचन प्रक्रियामा जान्छौं ।' त्रिविले स्वियु निर्वाचन गर्न पटक पटक पहल गरे पनि विद्यार्थी संगठनकै कारण हुन सकेको छैन ।
विद्यार्थी संगठनहरुले फागुन २८ गते सहमति गरे भने विद्यार्थी कल्याण परिषद् बैठकले मिति तोक्नका लागि त्रिवि कार्यकारी परिषद्मा सिफारिस गर्नेछ । त्यसपछि त्रिविको कार्यकारी परिषद्को बैठकले स्वियु निर्वाचनको मिति घोषणा र स्वियु निर्वाचन केन्द्रीय अनुगमन समन्वय समिति बनाउने निर्देशक अधिकारीले जानकारी दिए । त्रिविका क्याम्पसहरुमा विगत एक दशकदेखि स्वियु निर्वाचन हुन सकेको छैन । प्रत्येक दुई/दुई वर्षमा हुने निर्वाचन २०६५ साल यता नियमित हुन नसकेको हो । वि.सं. २०६५ चैत ६ गतेपछि एकै पटक आठ वर्षमा विसं २०७३ चैत १५ गते भएको थियो । त्यस बेला देशभरि त्रिविका ६२ आगिंक क्याम्पसमध्ये रत्नराज्य क्याम्पस (आरआर), जनप्रशासन क्याम्पससहित उपत्यकामा नौ आगिंक र उपत्यका बाहिर १७ क्याम्पसमा मात्र स्वियु निर्वाचन भएको थियो । त्यस्तै उपत्यकाका १३ क्याम्पस र उपत्यका बाहिर २३ आगिंक क्याम्पसमा निर्वाचन हुन सकेको छैन भने त्रिविका ६२ आगिंक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पस छन् । स्वियु निर्वाचनमा २८ वर्ष उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू गरी सकिएको छ ।

देवताल गापाको पदपूर्तीको लिखित परीक्षा स्थगीत

मधेशदृष्टि
बारा, ९ पुस ।
देवताल गाउँपालिकामा शनिवार हुने बिभिन्न पदपूर्तीको लिखित परीक्षा स्थगीत भएको छ ।
शनिवार बिहान ११ बजेदेखि स्थानीय विद्यालयमा अहेब. र अनमी पदको लागि परीक्षा सम्पन्न भएपनि दिउसो २ बजे र साढे ३ बजेदखि हुने हेल्थ अफिसटेन्ट, स्टाफ नर्स, कम्प्यूटर अपरेटर, अमिन, पशु जेटिए, कृषि जेटिए, कानून सहायक, सुपरभाईजर पदको परीक्षा समयमा हुन नसकेपछि अर्को सूचना जारी हुनजेलसम्म परीक्षा स्थगीत गरिएको छ ।
परीक्षा स्थगीत नै गर्नु छ, भने एक/दुई अगाडी नोटिस वा सार्वजनिक सूचना मार्फत स्थगीत गरिनुपर्नेमा परीक्षाको समयमा अचानक स्थगीत गरिनु षड्यन्त्र भएको परीक्षार्थीहरुले गाउँपालिकामाथि आरोप लगाएका छन् ।
काठमाण्डौंबाट परीक्षा दिन आफूहरु आएको र यसको क्षतिपूर्ती कसले ब्योहोर्ने करैयामाई गाउँपालिका ४ का अलिआलम अंसारीले बताए । आफूहरु परीक्षार्थीहरुको समय र परीक्षाको लागि जम्मा गरेको रकमको भपाई कसले ब्योहोर्न अर्का परीक्षार्थी परवानीपुर गाउँपालिका २ का दिपक कुमार कुशवाहाले बताए ।
करिब आधा दर्जन पदको लागि बारा, पर्सा, लगायत सिरहा, सप्तरी जिल्लासमेतका परीक्षार्थीहरु बाराको देवताल गाउँपालिका परीक्षा दिन आएको र आफूहरुको समयलाई यसरी खेर गएको प्रति आक्रोशित परीक्षार्थीहरुले गाउँपालिका विरुद्ध नारा समेत लगाएका थिए ।
दिउसो २ बजे अगाडीनै सो पालिकाको ६ जना वडा अध्यक्षहरुले परीक्षा सेन्टरमा ताला लगाएपछि परीक्षा संचालनमा अन्यौल हुँदा साँझ सवा ४ बजे स्थगन भएको परीक्षा नियन्त्रक उपेन्द्र यादवले बताए ।
पालिकामा बिभिन्न पद बहालीको लागि बोर्ड बैठकबाट निर्णय भएपनि पदपूर्ती समिति पुरानै राखेको तथा कुन प्रकृयाबाट पदपूर्तीको व्यवस्थापन वा परीक्षाको निर्णय कसले गर्ने बारे आफूहरुलाई कुनै जानकारी नगराईएको हुँदा परिक्षाकेन्द्रमा ताला लगाईएको देवताल गाउँपालिका वडानम्बर ४ का अध्या ललन प्रसाद यादवले बताए ।

इटाभट्टा विस्फोटमा मृत्यु भएका परिवारलाई जनही ४ लाख

मधेशदृष्टि
बीरगंज ९ पुस ।
बीरगंजको सिमावर्ती रक्सौल नजिकै रहेको रामगढवाको नरिरगिरमा भएको इट्टा भट्टा विष्फोटमा मृत्यु भएको ८ जनालाई विहार सरकारले जनही ४ लाख रुपैया प्रदान गर्ने भएको छ । त्यसैगरी घाइते १६ जनाको निःशुल्क उपचार गराउने भएको जनाइएको छ । इट्टा भट्टा विष्फोट भएको घटनाको जानकारी भारतका कानुन मन्त्री डा.सिमिम अहमदले एसडीओ र एसडीपीओसँग लिदै तत्काल सरकारको तर्फबाट मृतक परिवारलाई ४ लाख भारतीय रुपैया राहत उपलब्ध गराउने घोषणा गरेका छन । यसैगरी घटना स्थलमा भारतीय सुरक्षाकर्मी सहित कानुन मन्त्री समिम अहमद समेत पुगेको र मृतकका परिवारलाई भेटेर सान्तवना समेत दिएको रक्सौल स्थित सहकर्मी राजेश केशरीवालले जानकारी दिएका छन ।

कोरोनाको नयाँ भेरिएन्टबाट सजग रहन आग्रह

मधेशदृष्टि
जनकपुरधाम, पुस ९ ।
कोभिड भाइरसको नयाँ भेरिअन्ट बिएफ ७ बाट सजग रहन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सर्वसाधारणहरुलाई अपिल गरेको छ ।
मन्त्रालयले शनिवार एक प्रेस विज्ञप्ति जारी गरी हाल सम्म कोभिड १९ को नयाँ भेरिअन्ट नेपालमा पुष्टि नभइसकेको भएता पनि छिमेकी मुलुकहरूमा यसको बढ्दो प्रभावका देखिएका कारण नेपालमा पनि सजग हुनु पर्ने अवस्था रहेको जनाएको छ ।
विज्ञप्तिमा भनिएको छ – ' छिमेकी मुलुकहरूमा फैलिएको कोभिड १९ को नयाँ भेरिअन्ट बिएफ ७ हाल सम्म नेपालमा पुष्टि भएको छैन ।
यद्यपि खुला सिमाना एवम् मानिसहरूको आवतजावतका कारण नेपालमा पनि यस संक्रमणको जोखिम रहेको हुँदा यसको रोकथाम तथा नियन्त्रणका लागि आम समुदाय सजग एवम् सचेत हुन जरुरी छ ।'
कोभिड १९ को संक्रमणका कारण नेपाल धेरै धनजनको क्षति व्यहोर्न परेकाले यसको पहिचान रोकथाम तथा उपचारका लागि संघ प्रदेश तथा स्थानीय निकायका सबै संयन्त्रहरू परिचालन हुनु पर्ने पनि मन्त्रालयको भनेका छन् ।
मन्त्रालयका अनुसार हाल कोभिड १९ को पहिचान रोकथाम तथा उपचारको लागी अन्तर्राष्ट्रिय नाका तथा विमानस्थलबाट आएका शंकास्पद यात्रुहरूको ज्वरो नाप्ने, एन्टीजेन परीक्षण गर्ने तथा जिन सिकेस्निडको कामहरू भइरहेको समेत मन्त्रालयले जनाएको छ ।
त्यसैगरी अहिले इसाईहरुको क्रिसमस पर्व तथा अङ्ग्रेजी नयाँ वर्षको समय भएकाले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने, साबुन पानीले हात धुने, स्यानिटाइजरको नियमित प्रयोग गर्ने लगायतका स्वास्थ्य मापदण्डहरू अपनाउन समेत स्वास्थ्य मन्त्रालयले अपिल गरेको छ । कोभिड १९ विरुद्धको अतिरिक्त मात्रा 'बुस्टर डोज' लगाउन बाँकी रहेका सर्वसाधारणलाई नजिकको स्वास्थ्य संस्थामा गई उक्त भ्याक्सिन लगाउन पनि मन्त्रालयले सर्वसाधारणसँग अनुरोध गरेको छ ।

वीरगंज स्कुल अफ ल द्वारा सम्मान



वीरगंज, पुस ९ ।
वीरगंजमा कानून संकाय मात्र पढाई हुने वीरगंज स्कुल अफ लले स्वागत तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ । वीरगंज १३ तेजारथ टोलस्थित आफ्नै भवनमा आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा नवनिर्वाचित कम्प्युटर एशोसिएशन संघ पर्साका अध्यक्ष प्रशान्त कुमार र क्रियाशील युवा पत्रकार मंच नेपाल पर्साका अध्यक्ष प्रणय कुमारलाई दोसल्ला, माला तथा गम्छा ओढाई सम्मान गरेको हो ।
सम्मान ग्रहण गर्दै अध्यक्ष प्रशान्त कुमारले यस स्कुलले गरेको सम्मान प्रति आफु संधै आभारी रहने बताए । उनले वीरगंज स्कुल अफ लका विद्यार्थी तथा स्कुलका लागि सक्दो सहयोग गर्ने बताए । पत्रकार मंच नेपालका अध्यक्ष प्रणय कुमारले यो सम्मान आफ्नो व्यक्तिगत सम्मान नभई सम्पूर्ण पत्रकार जगतको सम्मान भएको धारणा व्यक्त गरे ।
कार्यक्रममा स्कुल अफ लका प्रधानाध्यापक चन्द्रिका प्रसाद पटेल, शिक्षक रामायण चौरसिया विद्यार्थी लगायतको उपस्थिती रहेको थियो । विद्यार्थीहरुलाई पर्सा जिल्ला अदालत तथा अस्थायी उच्च अदालत वीरगंजसँग सहकार्य गरेर कानून सम्बन्धी अभ्यास गराउँदै आइरहेको शिक्षक दिनानाथ साहले बताए ।

पत्रकार महासंघले जारी गऱ्यो १५ बुँदे "सुर्खेत घोषणा"

काठमाण्डौ,पुस ९
नेपाल पत्रकार महासङ्घको साधारणसभा १५ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । कर्णाली प्रदेशको सुर्खेतमा शुक्रवार देखि सुरु भएको साधारणसभा शनिवार समापन भएको हो । साधारणसभाले महासचिव, कोषाध्यक्ष र लेखा समिति संयोजकको प्रतिवेदन पारित गर्दै घोषणा जारी गरिएको महासचिव रोशन पुरीले जानकारी दिए । साधारणसभाबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री कानुन निर्माण गर्न तीन वटै तहका सरकारलाई आग्रह गरिएको छ । संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरे पनि त्यसपछि गठन भएका तीन वटै तहका सरकार तथा राजनीतिक दलहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हकलाई पूर्णतः कार्यान्वयनमा नल्याएको भन्दै यसलाई कार्यान्वयनमा ल्याउन आग्रह गरिएको हो । आमपत्रकारलाई सचेततापूर्वक 'डिजिटल' माध्यमको प्रयोग गर्नुका साथै सो माध्यममार्फत् प्रेस स्वतन्त्रता हननका घटनामाथि कानुनी कारबाहीका लागि समेत जोडदार गरिएको छ । संविधानअनुसारका सञ्चार कानुन तत्काल निर्माण गर्न र पुराना कानुनमा सुधार ल्याउन सम्बद्ध पक्षसँग माग गरिएको छ ।
श्रमजीवी पत्रकार ऐन तथा नियमावलीमा तोकिएका सेवा सुविधाको पूर्ण कार्यान्वयन तथा समसामयिक परिमार्जनसहित श्रम समस्या समाधानका लागि नेपाल सरकार र सम्बद्ध पक्षसँग माग गर्दै महासङ्घलाई ट्रेड युनियन संस्थाका रूपमा सामूहिक सौदाबाजीमार्फत श्रम अधिकार स्थापित गर्न निर्देश गरिएको छ ।
साधारणसभाको घोषणामार्फत् नै साना लगानीमा सञ्चालित स्वरोजगारमूलक तथा विभिन्न मातृभाषाका सञ्चारमाध्यम दिगो र भरपर्दो ढङ्गले सञ्चालनका लागि सरकारले प्रदान गर्दै आएको लोककल्याणकारी विज्ञापन बढाउन र समानुपातिक विज्ञापन प्रणाली तत्काल लागू गर्न माग गरिएको छ । साथै छापा प्रकाशनलाई डिजिटल माध्यममा रुपान्तरण गर्न चाहेमा निरन्तरतासहितको मान्यता प्रदान गर्न सरकारसँग माग गरिएको छ । श्रमजीवी पत्रकारको निःशुल्क उपचार, दुर्घटना र स्वास्थ्य बीमाका सम्बन्धमा विगतमा सरकारले गरेका निर्णयको प्रभावकारी कार्यान्वयनका लागि माग गरिएको छ । नेपाल पत्रकार महासङ्घका सदस्यको शुद्धीकरणलाई थप प्रभावकारी बनाउन अद्यावधिक गर्न निर्देशन दिइएको छ भने मुलुकको बहुलता र विविधतालाई आत्मसात गर्दै सञ्चार प्रतिष्ठानका विषयवस्तु र संरचनालाई लैङ्गिक, समावेशी र अपाङ्गतामैत्री एवं कार्यस्थललाई सुरक्षित बनाउन सबै सञ्चार प्रतिष्ठानलाई आह्वान गरिएको छ । छापा, रेडियो, टेलिभिजनजस्ता सञ्चारमाध्यममा आएका चुनौती र नयाँ सञ्चारमाध्यमले ल्याएका अवसरलाई आत्मसात गर्नेगरी सञ्चारकर्मीका लागि पेशागत दक्षता र क्षमता अभिवृद्धि तथा वृत्ति-विकासका लागि सञ्चालन गर्दै आएका कार्यक्रमलाई अभियानकै रूपमा अघि बढाउन निर्देशन दिएको छ । प्रेसपासको सहज उपलब्धताका लागि आवश्यक वातावरण बनाउन सम्बद्ध सबै निकायलाई अपिल गरिएको छ ।
महासङ्घका विधानअनुरुप हरेक संरचनालाई स्वायत्त, क्रियाशील एवं सवल बनाउन प्रण गर्दै सञ्चारमाध्यमको दर्ता, नवीकरण, नियमन तथा सेवा सुविधाका सन्दर्भमा प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्डलगायत विभिन्न सरकारी निकायमा अनावश्यक र झन्झटिलो प्रक्रिया पूरा गर्नुपर्ने अव्यवहारिक व्यवस्था तत्काल खारेज गर्न माग गरिएको छ । यसैगरी पत्रकार आचारसंहिताको पूर्णपालना गर्दै जिम्मेवार र मर्यादित पत्रकारिता गर्न सबै सञ्चारकर्मीलाई आह्वान गर्दै सांस्कृतिक र पर्यटकीयरूपमा समृद्ध कर्णाली प्रदेशको पर्यटन, भाषा, कला र साहित्यको प्रचार एवं सम्वर्द्धनसँगै यस प्रदेशमा रहेका सबै पर्यटकीय क्षेत्रको प्रचार-प्रसार, संवर्द्धन, संरक्षण र आवश्यक पूर्वाधार विकासका लागि सबै तहका सरकारलाई यो साधारणसभामार्फत् आह्वान गरिएको छ । नेपाल पत्रकार महासङ्घको केन्द्रीय साधारणसभाको उद्घाटन समारोहमा प्रमुख अतिथिका रूपमा उपस्थित राष्ट्रपति विद्यादेवी भण्डारी, कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाही, विभिन्न राजनीतिक दलका नेता, स्थानीय निकायका जनप्रतिनिधि, पत्रकारसम्बद्ध विभिन्न सङ्गसङ्गठनका प्रमुख तथा प्रतिनिधिका साथै देशभरका केन्द्रीय परिषद् सदस्यलाई साधारणसभामार्फत् धन्यवाद ज्ञापन गरिएको छ । रासस

नौ हजारको स्वास्थ्य परिक्षण

मधेशदृष्टि
वीरगंज, पुस ९ ।
वीरगञ्ज महानगरपालिकाले सुरु गरेको 'मेयर घरदैलो स्वास्थ्य कार्यक्रम' मा नौ वडाका झण्डै नौ हजारले स्वास्थ्य परीक्षण गराएका छन् । नगरवासीले निःशुल्क स्वास्थ्य परीक्षण गरेका छन् भने आवश्यक औषधिसमेत वितरण हुँदै आएको छ । महानगरपालिकाका प्रमुख राजेशमान सिंहले १७ देखि ३२ सम्मका वडामा यो अभियान सञ्चालन हुने र अहिलेसम्म नौ वटा वडाका जनताको घरदैलोमै पुगेको टोलीबाट स्वास्थ्य सेवा लिइसकेको बताए ।
गाडीमै जडान गरिएको प्रयोगशालाबाट आवश्यक स्वास्थ्य परीक्षण गरेर रिपोर्ट दिने गरिएको छ । यसले बजारका अस्पतालमा धाइरहनुपर्ने ग्रामीण क्षेत्रका जनतालाई राहत मिलेको छ । शिविरमा स्वास्थ्य जाँच गराएकालाई उनीहरुको स्वास्थ्य परीक्षण रिपोर्टको आधारमा विभिन्न ९८ प्रकारका औषधी त्यँही उपलब्ध गराउँदै आएको छ । वीरगञ्जको वडा नम्बर ३० लालपर्साबाट गत भदौ २६ गतेदेखि यो कार्यक्रम सुरु भएको थियो । आइतबारदेखि पुनः अर्को वडामा यो अभियान सञ्चालन गरिने महानगरको स्वास्थ्य शाखा प्रमुख रितेश जयसवालले जानकारी दिए । अहिलेसम्म नौ वटा वडामा चलेको कार्यक्रममा पाँच हजार पाँच सय ६२ महिला र तीन हजार दुई सय १७ पुरुषले स्वास्थ्य जाँच गराएका छन् ।

सम्पादकीय

सामुदायिक विद्यालयहरुको जिम्मेवारी लिऔं

पर्सा जिल्लाको धोबिनी गाउँपालिका स्थित भिखमपुर राष्ट्रिय माध्यमिक धेरै कुरामा अर्थ राख्दछ । मुलुकका सार्वजनिक विद्यालयहरु कसरी संचालन भइरहेका छन् ? त्यहाँ कसरी देहातका लालाबाला शिक्षा आर्जन गरिरहेका छन् ? र,सरोकारवाला निकाय कसरी मौनता साधेर बसेका छन् ?विविध प्रश्नको उत्तर यहाँ पाइन्छ । स्कुल परिसरमा बस त्यत्तिकै बसेको छ । विद्यार्थी चार किलो मीटर टाढाबाट पैदल पढन आउँजाउँ गर्दछन् । वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासबाट अनुदानमा प्राप्त बस सात वर्ष देखी त्यत्तिकै थन्किएर बसेको हो । २०७२ मा पाएको बस अहिलेसम्म करिव चार सय तैतिस किलोमीटरमात्र गुडेको छ । त्यो पनि पिकनिक जाने लगायतका काममा । किन चलेको छैन त स्कुल ? उत्तर सहज छ । बसको नम्बर छैन । नम्बर लिन छैन, नम्बर लिन साँढे तीन लाख रुपैया लाग्दछ, जुन स्कुलसँग छैन । नजिकका सरोकारवाला स्थानीय तह हुन उनीहरुले आश्वासन दिदैं आएका छन् । तर पैसा तिरिदिएर बस संचालन ल्याउँने व्यवस्था मिलाएका छैनन् ।

विद्यालयमा जगरनाथ गाउँपालिकका पिराडी गुठी, गोडैया, विरविनिया, जमुनिया, जानकी टोल, बसौता, लक्ष्मिपुर र धोबिनी गाउँपालिकाको असवारी तथा गुलरिया सहितका चार किलोमीटर टाढाका सयौं विद्यार्थीहरु पढन आउँछन् । कक्षा एक देखी १२ सम्म अध्यापन हुने स्कुलमा १ हजार ७ सय बढी विद्यार्थी छन् । यति धेरै विद्यार्थी भएको स्कुलको पूर्वाधार कस्तो छ त ? स्कुलमा कक्षा कोठाको अभाव छ, शिक्षक शिक्षिका थोरै छन् । स्कूलमा पढन आउँनेमा अधिकांश छात्रा छन् । जम्माजम्मी १५ वटा कक्षा कोठा तथा स्यायी ८ सहित १० जना शिक्षक छन् । तीन जना बालविकासका शिक्षिका कार्यरत रहेको देखिन्छ ।

कहिँकतै अन्यन्त्र नभएको व्यवस्थापन यो विद्यालयले अख्तियार गरेको छ । कक्षा ७ र ८ का विद्यार्थीहरु जोर बिरोज रोल नम्बरका आधारमा कक्षा लिन आउँछन् । स्कुलका प्रधानाध्यापक विनय कुमार कुर्मी कक्षा कोठा र शिक्षकको अभावका कारण जोर बिजोर प्रणालीमा कक्षा संचालन भइरहनुलाई वाध्यता बताउँछन् । कुर्मीका अनुसार कक्षा ७ मा दुई सय हाराहारी र कक्षा ८ मा २ सय १२ विद्यार्थी छन् । शिक्षा मन्त्रालयको मापदण्ड एउटा कक्षामा बढीमा ४५ विद्यार्थीलाई आधार मान्ने हो भने कक्षा ७ र ८ का लागिमात्र ९,१० वटा कक्षा कोठा आवश्यक हुन्छ । त्यसो त कक्षा ४ सम्म पढने साना बालबालिकाहरुलाई डेस्क बेञ्च नै छैनन् । उनीहरु भुईमा बसेर पढन वाध्य छन् ।

यो एउटै विद्यालयको अवस्थाले मुलुकको शिक्षा प्रणालीका यावत कुरा छर्लङ्ग पार्दछ । शिक्षामा राज्य कोषको सबै भन्दा धेरै लगानी छ । तर, जहाँ आवश्यक छ त्यहाँ किन वेवास्ता । शिक्षाको निश्चित तहसम्म स्थानीय तहको जिम्मेवारीमा पर्दछ । तर, यसो भनेर स्थानीय तह भन्दा माथिल्ला तह जवाफदेही विहिन हुन सक्तैनन् । जिल्लामा जिल्ला शिक्षा समिति हुन्छ । जिल्ला शिक्षा अधिकारीको व्यवस्था छ । स्कुलहरुको अनुगमन गर्नुपर्ने दायित्वका निकायहरु 'जागिर' मात्र खाएर बसेका छन् । चाह्यो भने समाधान नभएको होइन । देहातको एउटा स्कूल जहाँ १ हजार ७ सय विद्यार्थी पढदछन्, त्यस्तो स्कूलमा कक्षा कोठाको अभाव भएर जोर बिजोर पढाई हुन्छ भने भौतिक संरचना टड्कारो भयो । संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार सरकारै सरकार भएको देशमा सबैको जिम्मेवारी हो । त्यस्तै जनप्रतिनिधिहरुले सांसद कोषको नाममा वार्षिक करोडौं खर्च गर्दछन् । विकासको नाममा बाटा, बगरमा र प्रवेशद्धार निर्माणमा लगानी भैरहेको देखिन्छ, अब मानवीय क्षेत्रमा पनि लगानी गर्ने गरौं ।

जिम्मेवारीमा रहेकाहरुले स्कुलका बालबालिकाले भोगेका समस्यालाई आत्मसात गर्ने हो भने ठूलो समस्या हुँदै होइन । भिमखपुर राष्ट्रिय माध्यमिक विद्यालय एउटा उदाहरणमात्र हो । सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थी र विद्यालयहरुको हालतलाई जिम्मेवारीमा बसेकाहरुले आफ्ना कमजोरी हुन भनेर आत्मसात गर्न आवश्यक छ । होइन भने राजनीति र सरकार भनेका विवेकहीन संयन्त्रमात्र हुन् , उनीहरु जनसामान्यका लागि होइनन् भन्नुपर्ने हुन्छ । सामुदायिक विद्यालय शिक्षालाई लथालिङ्ग छोड्न मिल्दैन ।

कबीरा खडा बाजार

सबैको सुन्ने संसद

नेतृत्वमा युवा पंक्ति उक्लिनु पर्छ भन्ने विमर्श देखिएको छ । त्यसैगरि उपेन्द्र यादव वा महंथ ठाकुरहरू लामो समयदेखि पार्टी नेतृत्वमा छन्, यिनीहरूले पनि उत्तराधिकारी खोज्नु पर्ने जन अपेक्षा छ । दलहरू भित्र आन्तरिक लोकतन्त्र मजबूत नभए लोकतन्त्र मजबूत हुँदैन।



- चन्द्रकिशोर

चुनाव सकेर पनि नेपाली जनता संकटमा छन्। महंगाई बढेको बढैछ। अर्थतन्त्र डामाडोल अवस्थामा छ। अन्यौलको बातावरण लगातार लम्बिदै जांदा सामाजिक अनुशासन छिन्नभिन्न हुनसक्छ। यस्तोमा संसदको उपस्थिति नेपाली राजनीति र समाजको रूपान्तरण र भोलीको नेपालसँग जोडिएको छ । संविधान कार्यान्वयनको यात्रामा विभिन्न उतार चढ़ाव आए । तर यो यात्रा एउटा बहाबमा चलेकोछ । यही नै आशाको झिल्को हो जहाँ लाग्छ नेपाल भीरबाट ढल्नबाट जोगिन्छ !

विभाजित होईन, विविधता

नयाँ संसदले प्रत्येक नेपालीको अन्यौल र द्विविधा हटाउन थोरै भए पनि सघाऊ पुर्‍याओस । तीनै पक्षलाई यहाँ प्रस्ट्याउने कोसिस गरिएको छ । सीके राउत जो विगतमा पृथकतावादी राजनीतिका प्रतीक पात्र थिए आज उनले वैधानिक प्रतिनिधित्व प्राप्त गरेका छन् । संघ र प्रदेश सरकारमा सहभागी हुन इच्छा जनाएका छन् । त्यसैगरि थारूहरू राज्यसंग आफ्नो नाता परिभाषित गर्न चाहेर नागरिक उन्मुक्ति पार्टी मार्फत संसदमा उपस्थिति दर्ज गराएका छन् । भावना हावी हुँदा कुनै पनि समस्याको हल निस्किदैन। संसदमा गरिने विमर्श तब मात्रै सार्थक हुन्छ, जब सरोकारवाला सबै पक्ष

भावनाको उचाईबाट तर्कको तहमा ओर्लिन्छन् । नेपाली समाज विविधता युक्त समाज हो। विभाजित समाज र विविधता युक्त समाजमा आधारभूत भिन्नता छ। नेपाली समाज विभाजित समाज होईन। जातीय, भाषिक, सांस्कृतिक विविधता हाम्रो नैसर्गिक अवस्था हो र अलौकिक सामाजिक पूँजी हो। अतः संसदको भूमिका नेपालको विभाजित समाजलाई कसरी जोड़ने भन्ने होईन, हाम्रो पूँजीको रूपमा रहेको विविधताको कसरी उचित व्यवस्थापन गर्ने भन्ने हो। लोकतन्त्र नेपाली समाजको राजनीतिक चेतनाको अभिन्न अंग बनेको छ। यसलाई थप फराकिलो बनाउँदै नेपाली जनताको जीवन पद्धतिसँग एकाकार गराउनु नेपालको नयाँ संसदको आजको कार्यभार हो।

गगन जो हारेर पनि जिते

नेपाली कांग्रेस भित्र संसदीय दलको निर्वाचनमा युवा तुर्क गगन थापालाई हराएर पार्टी सभापति शेर बहादुर देउबाले जितेका छन् । देउबा जितेर पनि हारेका छन् किनभने

पार्टी भित्र पुस्तांन्तरणको सवाललाई गगनले गजबसँग उचाई दिन पुगेका छन् । विचार र परिवर्तनको राजनीति ओझेलमा पारिएको गुनासो आईरहेको पृष्ठभूमिमा गगनले नेपाली कांग्रेसको संसदीय दलको नेतृत्वमा प्रतिस्पर्धा गर्न पुरदा यो सवाल मुख्य विमर्शमा आयो। नेपाली कांग्रेस बाहिरका चिन्तकह , राजनीति कर्मीहरूले समेत कांग्रेस भित्रको प्रतिस्पर्धालाई उत्साहित भएर नियालेका थिए। नेपाली कांग्रेस भित्रको पारम्परिक शक्ति संरचनाको व्याकरण फेरिने विश्वास लिईएकोछ। स्थापित नेतृत्वलाई आफ्नै दलभित्रबाट चुनौती दिन सकिन्छ भन्ने गगनले देखाएका छन् । गगनले आर्जेको हौसला र शेर बहादुरले पाएको हाँकबाट नेपाली कांग्रेसलाई आफ्नो आगामी यात्रालाई परिवर्तन र रूपान्तरणको बाटोमा लैजान नैतिक दबाव प्राप्त गरेकोछ ।

नेकपा एमाले र माओवादी केन्द्रमा खड्ग प्रसाद शर्मा ओली र पुष्प कमल दाहाल प्रचण्डको नेतृत्वलाई यसपटक दलभित्रबाट चुनौती आएन। तर कांग्रेसका युवा पंक्तिले परिवर्तनका पक्षमा देखाएको जुर्मुराहट र ऐक्यबध्दताको बाछिटा कालान्तरमा यी दलहरूमा समेत पर्ने निश्चित प्राय: छ । नेपाली कांग्रेस, एमाले वा माओवादी केन्द्रको

नेतृत्वमा युवा पंक्ति उक्लिनु पर्छ भन्ने विमर्श देखिएको छ । त्यसैगरि उपेन्द्र यादव वा महंथ ठाकुरहरू लामो समयदेखि पार्टी नेतृत्वमा छन्, यिनीहरूले पनि उत्तराधिकारी खोज्नु पर्ने जन अपेक्षा छ । दलहरू भित्र आन्तरिक लोकतन्त्र मजबूत नभए लोकतन्त्र मजबूत हुँदैन। संविधान २०७२ लागू भएदेखि नै परम्परा देखि कायम रहेको एकात्मक राज्यको पुनर्संरचना गरी संघीय शासन प्रणालीमा रूपांतरण गर्न लागिएकोछ तर दलहरूको ढंग र ढांचा अहिलेपनि यथास्थितिवादी छ ।नेपाली कांग्रेस र एमालेले अहिल को संवैधानिक यात्राप्रति अपनत्व र जवाफदेही देखाउनुपर्ने बाध्यकारी अवस्था छ ।

नयाँ शक्तिका टुसा

चुनावमा संस्थापन विरूद्धको वितृष्णा र आक्रोशले संस्थापनलाई हराएर नयाँ शक्ति आउन शुरू भएको छ । राष्ट्रिय स्वतन्त्रत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी यसैका उदाहरण हुन् । चुनाव मार्फत आएका नयाँ शक्तिहरू मध्ये कोही गणतन्त्र, धर्म निरपेक्षता र संघीयता उल्ट्याउने कुरा गरिरहेको छ । संघीयताका लागि संघर्ष गरेका राजनीतिक शक्ति मधेशी दलहरू निर्वाचनमा राम्रो प्रदर्शन गर्न सकेनन्। नेपाल तराई कांग्रेस, नेपाल सद्भावना पार्टी हुँदैं अहिले मधेश राजनीतिमा बहुदलियता आएको छ । मधेश राजनीतिमा नयाँ नेतृत्व र दलहरूको उदय र सहभागिता हुदैन भने मधेशको पार्थक्यबोध, विरानापन र अलगाव झन टड्कारो हुने पक्का छ। मधेश नेपाली राष्ट्रियता र लोकतन्त्रको रक्षा कवच हो ।एकातिर रवि लामिछाने वा बालेन शाह जसरी प्रदेश संरचनाप्रति अरूचि राखेका छन् यता मधेशको रेशम चौधरी र सिके राउत प्रादेशिक अभ्यासका प्रति भरोसा देखाएका छन् । रवि वा बालेनको संघीयताप्रतिको निरपेक्षता बढेको खण्डमा यिनीहरू वर्तमान संविधानको दृष्टिले दुर्योधनको तिघ्रा वा रावणको नाइटो बनेर रहनेछन् । नेपालको वर्तमान राजनीतिक पर्यवेक्षकले यो कुरा बुझेका छैनन् ।

> *"एकातिर रवि लामिछाने वा बालेन शाह जसरी प्रदेश संरचनाप्रति अरूचि राखेका छन् यता मधेशको रेशम चौधरी र सिके राउत प्रादेशिक अभ्यासका प्रति भरोसा देखाएका छन् । रवि वा बालेनको संघीयताप्रतिको निरपेक्षता बढेको खण्डमा यिनीहरू वर्तमान संविधानको दृष्टिले दुर्योधनको तिघ्रा वा रावणको नाइटो बनेर रहनेछन् । नेपालको वर्तमान राजनीतिक पर्यवेक्षकले यो कुरा बुझेका छैनन् ।"*

अहिले निर्वाचन परिणाम आउने क्रमसंगै नयाँ मधेश को बहस सुनिन थालेको छ । ०६३को मधेश आन्दोलनसँग उदाएको राजनीतिको एक युग समाप्त भयो भनिदैछ।

संघीय संस्थापनसँग संविधान संशोधनका लागि जुध्न पनि नसक्ने र आफुले प्राप्त गरेको मधेश प्रदेशको संचालन पनि ठीकसँग गर्ननसक्ने राजनीतिक शक्ति नेपथ्यमा धकेलिएका छन् । मधेश आन्दोलनसँग जोडिएका दलहरूले आफ्नो लोकप्रियता गुमाएका छन् । सिहंदरवारको सत्ता समीकरणका लागि आवश्यक तत्व रहने गरेका मधेशी शक्तिको रवाफ खस्किएको छ ।एउटा रिक्तता त छ ,त्यसलाई कसरी अगाडि बढाउने ?भन्ने सम्बन्धमा विचार विमर्श शुरू गर्ने बेला भईसकेको छ ।

विगतमा जो जो शक्तिलाई दमनकारी भनेर चिनाईयो आज तिनै शक्ति मधेश प्रदेशमा मतादेश पाएर बलिया भए । यिनकै सकारात्मक पहल बिना मधेशमा शान्ति र स्थिरता सम्भव छैन। एउटा कुनै चुनावले मधेश संघर्षको इतिहासमा विराम चिन्ह लाग्दैन । मुख्य रूपमा नेपाली कांग्रेस , एमाले र माओवादीले मधेशमा चुनावी विजय भन्दा भूई यथार्थ बुझ्ने सोच अघि सारे मौजुदा गतिरोध र अनिश्चय समाप्त हुने थियो । तर अहिले त्यो होला जस्तो छैन। त्यस्तो नभएको खण्डमा अहिलेको राजनीति भकुण्डो घण्टी बजाउनेहरूको खेल्ने पालो हुन जान्छ ।

शेक्सपियर लिखित अंग्रेजी नाटक जुलियस सीजरमा एउटा चर्चित संवाद छ 'आई केम , आई सं एण्ड कनक्वेयर्ड अर्थात म आंए , म हेरे र विजय प्राप्त गरे ।' चुनावी राजनीति कतिपय का लागि यस्तै भएको छ । तिनका शब्दहरू कर्णप्रिय छ , पोशाक आकर्षक छ , प्रचार शैली प्रविधियुक्त छ , नयाँ पुस्तालाई सम्मोहित गरेका छन् तर लोकतन्त्र,गणतन्त्र , संघीयता र समावेशीकरण बारे तिनका मनसाय अमूर्त छन् । संघीय लोकतान्त्रिक गणतंत्र समाजको राजनीतिक चेतनाको अभिन्न अंग बनेको छ । यो चुनावले

यसलाई थप फराकिलो र लोकप्रिय बनाउँदै लाने काम गरे कि गरेनन् ? कोही यसरी चुनिएर आएका छन् जो संघीयताका विरोधमा विषबमन गर्न सक्छन । देश जोड्ने मतदानमा पटक पटक सहभागी भएर पनि मधेशी मानसमा अब अगाडि के हुने हो भन्ने कुरो अझै पनि एक खुल्ला प्रश्न छ । नेपाली कांग्रेस वा एमाले मधेश प्रदेशमा फर्किएका छन् तर त्यो लोकप्रिय भएर होइन। २०७४ को आम निर्वाचनमा कमजोर अवस्थामा रहेका एमाले यसपटक उल्लेख्य सिट ल्यायो । नेपाली कांग्रेसको पनि मधेशमा आत्मविश्वास बढेकोछ ।चुनावी राजनीतिको आफ्नै खालको श्याम श्वेत तस्वीर हुन्छ। मधेश आन्दोलनले ल्याएको भावनात्मक उभार फिका भयो । संरक्षण गर्न सक्ने शक्ति तिर आम मतदाताले नजर लगाए । सँगै सिके राउतलाई परिक्षणको मौका दिए।

अब्बल डेलिवरी

को प्रधानमन्त्री बन्छ भन्दा अमूक व्यक्ति किन चुनिए त्यो महत्वपूर्ण हो । मंत्रीमण्डल कस्तो बन्छ ? यो सवाल प्रत्येक नेपालीको तिर्खा जस्तो भइसकेको छ । समग्रमा अझै लोकतन्त्र संकटमा फसेकै छ । नेपाली जनता अन्यौलमा छन् । अन्यौलको वातावरण लगातार लम्बिदै जाँदा सामाजिक अनुशासन छिन्न-भिन्न हुन सक्दछ । यो सामान्य अवस्थाको संसदको बैठक हुन गैरहेको छैन । के प्रतिनिधि सभाका निर्वाचित हुने सभामुखले प्रथम बैठकबाट साझा संकल्प पारित गराउन सक्दछन् जसले आम नागरिकलाई आश्वस्त बनाउन सकोस । संसदले समाधान दिन नसके के हुन्छ ? केवल सर्वोच्च अदालत वा आवधिक निर्वाचनले मात्र यो पध्दतिलाई जोगाउन सक्दैन ।

आम नागरिकहरूको अवस्था वर्षाको बखत छानो नभएको घरमा बसेको जस्तो छ । संविधानप्रति अपनत्व , अहिंसात्मक बदलावको रूपरेखा र राष्ट्रीय सामनजस्यको निर्माणमा अबको प्रतिनिधि सभा केन्द्रीत हुनु पर्ने हो ।

कतिपय सांसदहरू अनेक तिकड़म गरेर, अकूत पैसा खर्चेर जितेका छन्। यस्तोमा आउँदो संसदबाट कत्तिको उमीद गर्ने ? यो जिज्ञासालाई उपेक्षा गर्न मिल्दैन । संसद

आफैमा खराब वा असल कोही केही हुँदैन, यसको प्रयोग र व्याख्या गलत भएकाले हालका समस्या उत्पन्न भएका हुन् । दलहरू आफ्ना सांसदलाई कसरी हेर्छन र स्वयं सांसदहरू संसदभित्र आफ्ना दलसँगको साइनोलाई स्वतन्त्रतासँग कतिको तालमेल मिलाउन पुग्छन । त्यसैले निकट अतीत र समिपको आगतमा भूईमान्छेहरूबाट

- बाँकी पृष्ठ ६ मा

सन् २०२२: पत्रकारका लागि खतरनाक वर्ष

"संसारभरीमा ५३३ जना पत्रकार बन्दी छन्, ५७ जना पत्रकार मारिएका छन् भने ६५ जनालाई बन्धक बनाइएको छ भने ४९ जना पत्रकार हराइरहेका छन्"

सन् २०२२ मा इतिहासमा अहिलेसम्मकै धेरै ५३३ जना पत्रकार संसारभरिका जेलमा बन्दी जिवन विताइरहेका छन्। रिपोर्टस विथआउट बोडर्सले यो वर्षको समीक्षा गर्दै जारी गरेको प्रतिवेदन अनुसार यो वर्ष ५७ जना पत्रकार मारिएका छन् भने ६५ जनालाई बन्धक बनाइएको छ भने ४९ जना पत्रकार हराइरहेका छन्।

अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आईएफजे) ले निकालेको अर्को प्रतिवेदन अनुसार सन् २०२१ को तुलनामा २०२२ मा पत्रकारको मृत्युमा ठूलो बृद्धि भएको छ। युक्रेनमा रुसी आक्रमण, हुथी विद्रोहीको आक्रमण र मेक्सिकोमा आपराधिक समूहका बढ्दो हिंसाले पत्रकारितामाथिको खतरा झनै बढाएको छ । सन् २०२२ मा आफ्नो काम गर्दागर्दै २०२१ को तुलनामा ३० प्रतिशत बढी पत्रकारको मृत्यु भएको छ । विश्वभर पत्रकारमाथि आक्रमणका घटना बढेको प्रतिवेदनमा उल्लेख छ ।

आईएफजेले गत वर्ष ४७ जनाको तुलनामा यो वर्ष अहिलेसम्म विश्वभर ६७ पत्रकार र सञ्चारकर्मीको हत्या भएको जनाएको छ । ब्रसेल्समा आधारित समूहले हाल चीन, म्यानमार र टर्कीमा काम गरेको कारण जेलमा रहेका ३७५ पत्रकारलाई पनि गणना गरेको छ । गत वर्ष ३ सय ६५ पत्रकार पक्राउ गरी जेल परेका थिए । अन्तर्राष्ट्रिय पत्रकार महासंघले पत्रकारमाथि हुने आक्रमण र सरकारी दमनको भर्त्सना गर्दै पत्रकारको संरक्षण र स्वतन्त्र र निष्पक्ष पत्रकारिताको प्रवर्द्धन गर्न देशका सरकारसँग अपिल गरेको छ । संगठनले पत्रकारमाथि हुने हिंसाविरुद्ध ठोस कारवाही गर्न माग गरेको छ ।

पत्रकार र अन्य सञ्चारकर्मीको हत्यामा



भएको बृद्धि चिन्ताको गम्भीर कारण हो र प्रजातन्त्रको प्रमुख स्तम्भ मध्येको एक पत्रकारिताको रक्षामा कारवाही गर्न विश्वभरका सरकारहरूलाई अर्को जागरण आह्वान हो, आईएफजेले बताएको छ । कार्य गर्न असफलताले सूचनाको स्वतन्त्र प्रवाहलाई दबाउन खोज्नेहरूलाई मात्र हौसला प्रदान गर्दछ र आफ्ना नेताहरूलाई जवाफदेही राख्ने मानिसहरूको क्षमतालाई कमजोर बनाउँछ, जसमा शक्ति र प्रभाव भएकाहरू खुला र समावेशी बाटोमा खडा नहोस् भन्ने सुनिश्चित गर्न आवश्यक छ। अब संयुक्त राष्ट्र संघको महासभाले पत्रकारहरूको सुरक्षा र स्वतन्त्रता सम्बन्धी आईएफजे महासन्धि पारित गर्ने समय आएको छ ।आईएफजेका अनुसार युक्रेनमा युद्धका समाचार बनाउने पत्रकारहरू यस वर्ष अन्य कुनै पनि देशको तुलनामा बढी मारिएका छन्। युक्रेन युद्ध कभर गर्ने १२ जना सञ्चारकर्मीको मृत्यु भएको छ । आईएफजेका अनुसार, मेक्सिकोमा आपराधिक संगठनहरूको आतंकको शासन र हाइटीमा कानून र व्यवस्थाको भंगले पनि ठूलो संख्यामा पत्रकारहरूको हत्या भएको छ । सन् २०२२ पत्रकारका लागि सबैभन्दा असुरक्षित देश मेक्सिकोमा रह्यो, जुन अहिले युद्ध क्षेत्र बाहिरका पत्रकारहरूका लागि सबैभन्दा खतरनाक देश मानिन्छ। यससँगै पाकिस्तान पनि पत्रकारका लागि निकै खतरनाक देशको सूचीमा परेको छ र यस वर्ष पाकिस्तानमा आधिकारिक रुपमा ५ पत्रकारको हत्या भएको छ । पाकिस्तानबाहेक कोलम्बिया र फिलिपिन्स पनि पत्रकारका लागि असुरक्षित देश साबित भएका छन् । इजरायल-प्यालेस्टाइन द्वन्द्व कभर गर्दा अल जजीराका पत्रकार शिरीन अबु अक्लेहको पनि मृत्यु भएको थियो र इजरायलले अल जजिराका पत्रकारलाई सैनिकहरूले गल्तिले गोली हानेको स्वीकार गरेको थियो । साभार - आइएनए ससमाचार संस्था

तस्विर सौजन्य: डार्ट सेन्टर

बङ्गुर बिक्री नहुँदा व्यवसायी चिन्तित

वालिङ, ९ पुस
बङ्गुर बिक्री नहुँदा यहाँका व्यवसायी चिन्तित छन् । स्याङ्जा वालिङ-९ पिपलटारीस्थित इन्द्रेणी बङ्गुर फार्ममा बिक्रीका लागि तयारी अवस्थामा माउ तथा पाठापाठी छन् तर बजार नपाउँदा समस्या आएको हो । कोभिड-१९ को महामारीसँगै गरिएको बन्दाबन्दीपछि यहाँ उत्पादन भएका बङ्गुर बिक्री हुन छाडेका फार्मका सञ्चालक भीम लुइँटेलले बताए ।

पहिला पहिला देशका विभिन्न ठाउँबाट पाठापाठीको माग अत्यधिक हुने र पुऱ्याउनै धौधौ हुने गरेकोमा पछिल्लो समय बिक्री नभएर माउ तथा पाठापाठी पाल्नुपर्ने बाध्यता आइपरेको हो । त्यहाँ माउ र पाठापाठी गरी एक हजार तीन सय वटा छन् । "पाठापाठी बिक्री भएनन्, बिक्री नभएपछि राख्ने ठाउँ भएन", उनले भने , "राख्ने ठाउँको अभाव, दानापानी तथा औषधि उपचार अभावले गर्दा चार सयको हाराहारीमा पाठापाठी मरिसकेका छन् ।"वैदेशिक रोजगारीको सिलसिलामा युएईमा काम गरेका उनले घर फर्केर २०७१ सालमा फार्मको सुरुआत गरेका हुन । सुरुआती चरणमा ब्राह्मणको छोराले बङ्गुर पाल्यो भनेर खिसी गर्नेहरु पछिल्लो समय प्रशंसकसमेत बने । फर्मको सुरुआती चरणदेखि हालसम्म रु नौ करोड लगानी भइसकेको उनले बताए । तयारी भएका माउ तथा पाठापाठी बिक्री नभएपछि पाल्नुपर्दा थप लगानी बढेको छ। अहिले सात सय वटा बिक्रीको तयारीमा छन् ।

"पहिला तयार भएका माउ तथा पाठापाठी बिक्री भई आम्दानी हुन्थ्यो, त्यही आम्दानी दानापानी तथा औषधिमा खर्च गरिन्थ्यो", उनले भने । तयारी अवस्थाका माउ तथा पाठापाठी बिक्री भएमा न्यूनतम रु दुई करोड आम्दानी हुने अनुमान उनको छ । यता माउ तथा पाठापाठी बिक्री हुँदैनन् उता उल्टै दानापानी तथा औषधि उपचारमा मासिक रु २० लाख घाटा लाग्ने दाबी व्यवसायी लुइँटेलको छ । उनी आफैंले फ्रेस हाउस सञ्चालन गरे तर त्यहाँ पनि सन्तोषजनक मासु बिक्री भएन । पाठापाठी बाहिरी जिल्लामा बिक्री हुँदै आएकामा पछिल्लो समय माग आउन छाडेको छ ।रासस



सुनसरीको इनरुवामा माटोबाट सरस्वतीको प्रतिमा बनाउँदै कालिगड । सरस्वतीको तयारी प्रतिमा रु. दुई हजार पाँच सयदेखि १७ हजार रुपैयाँसम्ममा बिक्री हुने गरेको छ ।

तस्बिर : नवीन गड्तौला/रासस

दुई दशकपछि कोसीटप्पु क्षेत्रमा ठूलो सिलसिले हाँस

बेलबारी, ९ पुस ।
दुई दशकपछि कोसीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रमा पुनः ठूलो सिलसिले हाँस फेला परेको छ । सन् २००० मा अन्तिम पटक समूहमा देखिएको उक्त हाँस प्रजातिको चरा २२ वर्षपछि एकल सङ्ख्यामा देखिएको हो । असोजदेखि नेपाल आउने हिउँदे पर्यटक चरा पुससम्म आउने क्रम जारी रहन्छ र चैत महिना लागेसँगै आफ्नै गन्तव्य स्थान फर्कने गर्दछन् ।


सुनसरी, सप्तरी र उदयपुर जिल्लाको सङ्गमस्थलमा रहेको कोसीटप्पु वन्यजन्तु आरक्ष नेपालमा चराको राजधानीजस्तै बनेको छ । देशभरि पाइने आठ सय ८८ चरामध्ये हाल यहाँ पाँच सय ३१ चरा फेला परिसकेका छन् । यसै वर्ष पनि करिब ७० प्रजातिका चरा कोसीटप्पु आइसकेका छन् तर विगतका वर्षहरुमा यतिखेरसम्ममा सयभन्दा बढी प्रजातिका चरा आइसक्ने गरेको चराविज्ञ अनिश तिम्सिना बताउछन । "अझै चरा आउने समय बाँकी रहे तापनि विगत वर्षको तुलनामा कमी आएको छ", तिम्सिना बताउछन । ठूलो सिलसिले हाँसजस्तै अन्य थुप्रै चरा कोसीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रमा आउन छाडिसकेका छन् । प्रजातिका हिसाबले प्रतिनिधिमूलक उपस्थिति रहे तापनि सङ्ख्यात्मक हिसाबले बाह्य पर्यटक चराको उपस्थिति घट्नुले चिन्तित बनाएको तिम्सिना बताउछन । राज्यका स्थानीय तहले जैविक विविधता महत्वपूर्ण पाटो हो भन्ने बुझेर काम गरिदिन जरुरी रहेको तिम्सिना बताउछन । "मानव बस्ती र मानवीय व्यवहारले हैरानी खेप्नु नै मुख्यरुपमा पर्यटक चरा आउन ह्रास भएको हुनसक्छ", कोसीटप्पु वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष राजकुमार सिंहले बताए । उनका अनुसार सिमसारमा ढपक्कै ढाकिएको जलकुम्भी, 'म्याइकेनिया'जस्ता वनस्पतिले हाँस प्रजातिका चरालाई असर गरेको र सिमसार आसपासका क्षेत्रमा विषादीको प्रयोगले जोखिम रहेको छ । बगेको पानीभन्दा जमेको पानीमा बस्न रुचाउने हाँस प्रजातिका चरा माछा मार्न आउने मान्छेसँग डराएर भाग्ने गरेका छन् । आरक्ष क्षेत्रमा लाइसेन्स लिएर माछा मार्न अनुमति दिने गरिएको छ जसको जोखिम चरालाई परेको छ ।

चरालाई उचित वासस्थान र पर्याप्त आहाराको कमी अर्को समस्या रहेको छ । उत्तरी ध्रुवमा हिमपातको सुरुआतसँगै हिउँद यामको बढ्दो जाडो छल्न नेपालका तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भूभाग तथा ताल, तलैया र नदी आसपासमा हजारौँ पर्यटक चरा बसाइँसरी आउँछन् । बर्सेनि करिब एक सय ५० प्रजातिका चरा रुस, किर्जिस्तान, तुर्किस्तान, उज्वेकिस्तान, अजरवैजान, चीन, मङ्गोलियाका साथै युरोप, कोरिया तथा तिब्बती क्षेत्रबाट नेपालमा आउने गरेको तथ्याङ्क छ । करिब पचास प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै भारत, पाकिस्तान र श्रीलङ्कातिर जान्छन् । जाडो छल्न आउने हिउँदे आगन्तुक चरा नेपालका प्रमुख सिमसार क्षेत्र कोसीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बिसहजारी, जगदिशपुर, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोसी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा नै प्रायः रहने गर्दछन् । यसरी जाडो याममा नेपालमा बसाइँ सरेर आउने चराको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् भने अन्य प्रजातिमा सिकारी तथा मांसाहारी चरा, चाँचर, साना फिस्टा, अर्जुनक, भ्याप्सी, भद्राई आदि पर्दछन् ।दक्षिणी मुलुक र अफ्रिकाबाट हजारौँ ग्रिष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आउने गर्दछन् । यी चरा असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै वासस्थानमा फर्कन्छन् । यसरी आउने करिब ६० प्रजातिका चराको अधिकांश हिस्सा कोइली प्रजातिको हुन्छ । नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र आफ्नो अण्डा अरु चराको गुँडमा पार्दिन्छन् । उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चालाई हुर्काउँछ । नेपाल आउने अन्यमा मुरलीचरी, गाजले सुनचरी, स्वर्गचरी, चित्रक पिट्टा, कटुस टाउके आदि रहन्छन् । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य वासस्थान भने वन र यस आसपासका घाँसे मैदान तथा कृषि भूमि हुन् । रासस

खुल्ला सीमाका कारण स्वदेशी उत्पादनले बजार पाएन

लुम्बिनी, ९ पुस ।
मर्चवार क्षेत्रका व्यवसायी, किसान, स्थानीय तथा सरोकारवालाले खुल्ला सीमाका कारण स्वदेशी उत्पादनले बजार नपाएको गुनासो गरेका छन् । खुल्ला सीमा व्यवस्थित हुन नसकेका कारण सहज रुपमा सामान भित्रिनुले स्वदेशी उत्पादनको बजारीकरणमा समस्या रहेको उनीहरुको भनाइ छ । चेम्बर अफ कमर्स, रुपन्देही उद्योग व्यापार सङ्गठन र उद्योग व्यापार सङ्गठन मर्चवार सम्पर्क कार्यालयले शुक्रबार कोटहीमाई गाउँपालिका-५ स्थित मझगावामा आयोजना गरेको स्थानीय बजार प्रवर्द्धनमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने सहभागीले स्थानीय बजार प्रवर्द्धनका लागि सम्पूर्ण पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिए। कार्यक्रममा स्थानीय सन्तराम कोइरीले स्वदेशमा उत्पादन भएका कुखुराले बजार नपाएको गुनासो गरे । उनले भने , "भारतमा सस्तो मूल्यमा कुखुरा पाइने र खुल्ला सीमाका कारण सहजरुपमा चोरी-पैठारी हुने भएकाले सीमा वारिका व्यवसायी मर्कामा छन् ।" त्यस्तै स्थानीय सूर्यनारायण यादवले खुल्ला सीमाका कारण स्वदेशी बजार सुनसान भएको बताए ।

उनले स्वदेशमा उत्पादन लागत बढी हुँदा सामानको मूल्यसमेत यहाँ बढी नै रहेको बताए । उनले स्थानीयस्तरमा उत्पादित सामानको बजारीकरणमा समस्या रहेको बताए । कृषक अशोककुमार तिवारीले किसानलाई मल र सिँचाइको व्यवस्था नभएसम्म विकास हुन नसक्ने बताए । उनले कृषकले उत्पादन गरेर वस्तुको मूल्य कृषकले नै तोक्न पाउनुपर्ने माग राख्दै भने , "किसानको विकास नभएसम्म मुलुकको विकास हुन सक्दैन ।"स्थानीय अर्जुन हरिजनले चप्पल उद्योग सञ्चालन गर्दै आएको भए पनि बिक्रीवितरणमा समस्या आएपछि उद्योग नै बन्द गर्नुपरेको बताए । उनले उद्योग बन्द भएपछि ऋणको किस्ता र ब्याज तिर्न समस्या भएको गुनासो गरे ।



उनले भने , "अनुदान पाउनुपर्ने व्यक्तिसमक्ष पुगेको छ कि छैन अनुगमन गर्नु आवश्यक छ ।"मर्चवार प्रेस क्लबका अध्यक्ष हृदयराम गुप्ताले दर्ता प्रक्रियामा नआएका व्यवसायलाई करको दायरामा ल्याउनुपर्ने बताए । उनले स्थानीय सरकारले स्थानीय उत्पादन भएका सामान खरीद गर्नुपर्ने प्रस्ताव राखे । उनले उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरण सिर्जना गर्नुपर्ने बताए । मर्चवार क्षेत्रमा होटल, किरानालगायत व्यवसाय बन्द भएकाले त्यसतर्फ पनि सम्बन्धित निकायले ध्यान दिनुपर्ने उनको भनाइ थियो । उद्योग व्यापार सङ्गठन रुपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवालीले किसानले समयमा मल र बीउ नपाएको बताए । उनले सरकारले किसानलाई समयमै मल उपलब्ध गराउन नसकेको र सीमापारिबाट ल्याउँदा किसानले अनेकौं हैरानी खेप्नुपरेको बताए । उनले भने , "स्थानीय सरकार र व्यवसायीबीच सहकार्य आवश्यक छ ।"

अध्यक्ष ज्ञवालीले किसानको जीवनस्तर माथि उकास्न सके मात्र अर्थतन्त्र मजबुत हुने बताए । कोटहीमाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन श्रीवास्तवले कृषिप्रधान क्षेत्र मर्चवारमा आउनुपर्ने मलसमेत घटिरहेको गुनासो गर्नुभयो । उहाँले किसानले समयमै मल नपाएको बताए । उनले मर्चवार क्षेत्रमा रहेका पालिकाहरुले साझा एजेन्डा बनाएर अघि बढ्नुपर्नेमा जोड दिए । उनले भने , "साझा एजेन्डा बनाएर अघि बढे मर्चवार क्षेत्रको आवाज एकैपटक सम्बन्धित निकायमा पुग्छ ।" कोटहीमाई-५ का वडाअध्यक्ष सञ्जयकुमार सैनीले कृषिप्रधान देश भनिए पनि किसानको धेरै समस्या रहेको बताए । उनले कृषिका लागि आवश्यक रहेको ट्र्याक्टरको भन्सार शुल्क बढ्दा कृषक मारमा परेको गुनासो गरे ।


मर्चवारी गाउँपालिकाका अध्यक्ष गयाप्रसाद बरईले कृषि, शिक्षा र स्वास्थ्यमा आफूले जोड दिएको बताए । उनले कृषकलाई गाउँपालिकाबाट सक्दो सहयोग गरिएको बताए । उनले भने , "निजी क्षेत्रलाई जिम्मेवारी दिए कृषकले सहज रुपमा मल पाउन सक्थे ।" उनले किसानलाई सिँचाइको व्यवस्था नहुनु दुःखद भएको बताए । कोटहीमाई गाउँपालिकाका अध्यक्ष बालकृष्ण त्रिपाठीले भारतबाट ल्याएर सामान बिक्री गर्नुपर्ने व्यवसायीको बाध्यता रहेको बताउनुभयो । उनले भने , "मर्चवार क्षेत्रको व्यवसाय प्रवर्द्धनका लागि छुट्टै नीति बनाउनुपर्छ ।" उनले किसानले मल समयमा नपाउँदा उत्पादनमा समेत समस्या आएको बताए ।रासस

लगानीअनुसारको प्रतिफल नपाएको पेट्रोलियम व्यवसायीको गुनासो

भैरहवा, ९ पुस
पेट्रोलियम व्यवसायीले आफ्नो व्यवसायमा लगानीअनुसारको प्रतिफल नभएको गुनासो गरेका छन् । व्यवसायीको सञ्चित मुनाफा र व्यवसायीको ग्यारेन्टीको पनि सुनिश्चितता हुनुपर्नेमा त्यस्तो नभएको उनीहरुको भनाइ छ । पेट्रोलियम पदार्थ बिक्रेता व्यवसायीले सरकार र नेपाल आयल निगमले आफूहरुका मागलाई सधैं बेवास्ता गर्दै आएको गुनासो गरेका छन् ।


नेपाल पेट्रोलियम डिलर्स एसोसिएसनका सचिव हिमाल गैरेले रुपन्देहीको भैरहवामा शनिवार आयोजित पश्चिमाञ्चल पेट्रोलियम डिलर्स सङ्घको १७औं वार्षिक साधारणसभा तथा आठौं अधिवेशनमा विभिन्न क्षेत्रमा अनुदानको व्यवस्था गरे पनि यस क्षेत्रमा नगरेको बताए । "अहिले नेपाल आयल निगमले प्रतिलिटर रु एक सय ३१ को लगानीमा रहेको डिजल रु एक सय ७५ र रु एक सय ४९ रहेको पेट्रोल कमिशनमा रु एक सय ७८ का दरले बेचिरहेको छ", उनले भने , "अहिलेसम्म पुरानै दररेटमा कमिशन पाइरहेका छौं, हामीले थप लगानी गर्नुपरिरहेको छ । तर लगानीअनुसारको प्रतिफल हामीले पाइरहेका छैनौं ।"नेपाल आयल निगमले घाटा पूर्ति गर्नका लागि बढी रकममा पेट्रोलियम पदार्थ बेचीरहँदा पनि निगमलाई जोगाउन एसोसिएसनले सहयोग गरिरहेको उनले बताए । निगमलाई सहयोग गरिरहे पनि निगमको व्यवसायीलाई हेर्ने नजर भने सहयोगी नरहेको उनको आरोप छ ।

नेपाल र भारतको सीमावर्ती क्षेत्र भएका कारण यसको प्रत्यक्ष



मारमा पेट्रोलियम व्यवसायी पर्ने गरेका छन् । अहिले भारतको तुलनामा नेपालमा पेट्रोलियम पदार्थ रु ३८ महँगो छ । यसले यस क्षेत्रका व्यवसायी प्रभावित बनेको केन्द्रीय सचिव गैरेले बताए । "अहिले नेपालीले भारतमा गएर तेल हालीरहेका छन्, यहाँको प्रशासन मौन छ", उनले भने , "भारतमा गएर तेल हाल्दा नेपालले राजस्व गुमाएको छ, हामी बेरोजगार हुने अवस्थामा पुगेका छौं ।"साधारणसभाका वक्ताले इन्धनको सहज आपूर्ति गरिनुपर्ने, कमिसन वृद्धि गर्नुपर्ने, धरौटीको ब्याज दिनुपर्नेलगायत माग गरे । सङ्घका अध्यक्ष प्रेम न्यौपानेले पेट्रोलियम पदार्थ डिलरसम्म ल्याउँदा नोक्सानी धेरै भइरहेको तर नेपाल आयल निगमले क्षतिपूर्ति न्यून दिने गरेको गुनासो गरे । "व्यवसायीले मात्रै सधैं कति नोक्सानी व्यहोर्ने ? आयल निगमलाई घाटाबाट जोगाउन सधैं व्यवसायी मारमा पर्नुपर्ने ? यो कस्तो नियम हो ? त्यसैले तत्काल क्षतिपूर्ति बढाउन म निगम र सरकारसँग माग गर्दछु", उनले भने । कमिशन कम्तीमा पाँच प्रतिशतसम्म पुऱ्याउनुपर्ने उनको माग थियो । अहिले व्यवसायीले तीन प्रतिशत कमिशन पाइरहेका छन् । व्यवसायीले भलबारी डिपोसम्म पाइपलाइन बिस्तार गर्नुपर्ने, ग्यास व्यवसायीलार्य जस्तै पेट्रोलियम व्यवसायीलाई पनि सुविधा दिनुपर्ने, रोहिणी खोलाको किनारमा आयल निगमले खरिद गरेको जग्गामा निगमको डिपो निर्माण तत्काल सुरु गर्नुपर्नेलगायत माग गरे । नेपाल पेट्रोलियम डिलर्स महासङ्घका केन्द्रीय सदस्य राजु न्यौपानेले वर्षौंदेखि माग गर्दै आउँदा पनि आफूहरुका माग निगमले समाधान गर्नतर्फ ध्यान नदिएको आरोप लगाउनुभयो । उहाँले अग्नी बीमा गर्नुपर्ने, धरौटीको ब्याज दिनुपर्ने र निश्चित समय अवधिलाई मात्र धरौटी राखिनुपर्ने माग गरे ।

"पछिल्लो समय बढ्दो ब्याजले हामीलाई मारमा पारेको छ", उनले भने , "आठ प्रतिशतमा लिएको ऋणको ब्याज वृद्धि भएर १६ प्रतिशत पुगिसक्यो । नियन्त्रण गर्ने कसले हो ? यस्तै अवस्था रहे व्यवसायी पलायन हुन्छन् ।" उनले व्यवसायी सङ्गठमा पर्दासमेत राहतका कुनै कार्यक्रम नल्याइएको गुनासो गरे ।रासस



म्यार्दीको धवलागिरि गाउँपालिका-७ ताकमबाट देखिएको गुर्जा र चुरेन हिमाल । धौलागिरि पदमार्गले समेटिएको ताकमबाट मनोरम हिम शृङ्खलाको अवलोकन गर्न सकिन्छ ।

तस्विर : कमल खत्री/रासस

भन्सार घोषणा नभएका मोबाइल बन्द हुने

काठमाडौँ, ९ पुस ।

नेपाल दूरसञ्चार प्राधिकरणले यही पुस १५ गतेभित्र मोबाइल दर्ता गर्न आह्वान गरेको छ । प्राधिकरणले आज एक सार्वजनिक सूचना प्रकाशित गरी यही पुस १५ देखि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) पूर्णरूपमा कार्यान्वयनमा ल्याउने जनाएको छ ।मोबाइल सेटको गैरकानुनी आयात, बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गरी थप व्यवस्थित गर्न, चोरी भएका तथा हराएका मोबाइल सेटको ट्र्याकिङ र ब्लकिङ गर्न प्राधिकरणले यसअघि परीक्षणका रूपमा एमडिएमएस लागू गरिएको जनाएको छ। विदेशबाट आउने नेपालीले निजी प्रयोगका लागि आफ्नो साथमा ल्याएका तर एमडिएमएस प्रणालीमा दर्ता नभएका वा गएको भदौ महिनाभन्दा अघि प्रयोगमा नरहेका मोबाइल सेटहरूको १५ डिजिट नम्बरसहितको भन्सार घोषणा गरी भन्सार ऐन, २०६४ अनुसार भन्सार कार्यालयबाट प्रज्ञापनपत्र लिइ प्रणालीमा अद्यावधिक गर्न प्राधिकरणले उक्त सूचनामार्फत् अनुरोधसमेत गरेको छ । नियमानुसार भन्सारमा घोषणा नभएको मोबाइल फोन सेट यही पुस १५ गतेदेखि दर्ता नगरिने र यस्ता मोबाइल सेट सञ्चालनमा समेत रोक लगाइने हुँदा व्यक्तिगत प्रयोजनका लागि ल्याइएका मोबाइल सेट प्रज्ञापनपत्रसहित राहदानी/ नागरिकता/राष्ट्रिय परिचयपत्रका आधारमा मात्र एमडिएमएसमा गई दर्ता गर्न प्राधिकरणले अनुरोध गरेको छ । नेपालभित्रै मोबाइल खरिद गर्दा पनि खरिद मोबाइल सेट नेपाल दूरसञ्चार प्राधिकरणको एमडिएमएस प्रणालीमा दर्ता भए वा नभएको यकिन गर्न सकिने हुँदा त्यसअनुसार यकिन गरेर मात्र खरिद गर्न साथै मोबाइल आयातकर्ता र बिक्रेताले मोबाइल आयात गर्नुअघि अनिवार्यरूपमा प्राधिकरणको पूर्वस्वीकृति लिई प्राधिकरणमा दर्ता भएका मोबाइल मात्र बिक्री वितरण गर्न प्राधिकरणले उक्त सूचनामा उल्लेख गरेको छ । रासस

बीएफ ७ नेपालमा पुष्टि भएको छैन

काठमाडौँ, ९ पुस

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणको जोखिम अझै कायम रहेको अवस्थामा छिमेकी मुलुकहरुमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट बीएफ ७ हालसम्म नेपालमा पुष्टि नभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

छिमेकी राष्ट्रहरुमा उक्त भेरियन्टको सङ्क्रमण दर दिनानुदिन वृद्धि हुँदै गएको र प्रारम्भिक प्रतिवेदनअनुसार यस भेरियन्टले छोटो समयमा धेरै व्यक्तिलाई सङ्क्रमण गर्ने देखिएकाले नेपालमा पनि यसको जोखिम रहेकाले रोकथाम एवम् नियन्त्रणका लागि सबै सजग एवम् सचेत हुन जरुरी छ । इसाई धर्मावलम्बीको महान् पर्व क्रिस्मस तथा अङ्ग्रेजी नयाँ वर्ष, २०२३ नजिकिँदै गरेको अवस्थालाई दृष्टिगत गर्दै कोभिड-१९ को सङ्क्रमणबाट बच्न र बचाउन मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, साबुनपानीले हात धुने वा स्यानिटाइजर नियमित प्रयोग गर्नेलगायत जनस्वास्थ्यका मापदण्ड नियमित पालना गर्न/गराउन साथै कोभिड-१९ को अतिरिक्त मात्रा (बुस्टर डोज) लगाउन बाँकी रहेकाहरुले स्थानीय स्वास्थ्य संस्थामा सम्पर्क गरी खोप लगाउन मन्त्रालयले अपिल गरेको छ । रासस

तिलोत्तमा मेट्रो ट्राम सञ्चालनको तयारी

रूपन्देहीको तिलोत्तमा नगरपालिकामा परिकल्पना गरिएको रिङरोडमा नेपालमै पहिलो मेट्रो ट्राम रेल संचालनहुने भएको छ। सरकार र प्राइभेट कम्पनीको साझेदारीमा संचालन गर्ने तयारी गरि एको रेलवे सेवाको शुक्रबार एक कार्यक्रमकाबीच शिलान्याश गरिएको छ। तिलोत्तमा नगरपालिकाका नगर प्रमुख रामकृष्ण खाँणले रेलेवे सेवाको शिलान्याश गर्नु भयो।

शिलान्याश कार्यक्रममा बोल्दै नगर प्रमुख खाँणले रेलेवे सेवालाई तिलोत्तमा नगरपालिकाको गौरबको आयोजनाका रुपमा अगाडि सारिएको बताउनु भयो। रेलवे सेवालाई निजी कम्पनीले संचालन गने ं योजना बनाए पनि सो सेवा तिलोत्तमा बासीको साझा सम्पत्ति हुने नगरप्रमुख खाणँले बताउनु भयो। उहाँले तिलोत्तमा नगरमा नगर विकास को षले एक हजार विगाहामा नयाँ शहर विकास गने ं काम समेत अघि बढिरहेको बताउनु भयो। धेरै परियोजनाहरु नगरमा संचालन भैरहेको नगरप्रमुख खाणँको भनाई छ।

तिलोत्तमा पब्लिक रेल्वे कम्पनी लिमिटेडका अध्यक्ष हरि तिवारीले समुदाय, स्थानीय पालिका र एसियाली विकास बैंकलगायत दातृ निकायहरुको सहयोगमा परियोजना संचालन गरिने बताउनु भयो। उहाँले एक वर्षभित्र ४ किलोमिटरको तयारी पुरा गरेर संचालन हुने जनाउँदै लुम्बिनी प्रदेश सर कारबाट प्राप्त १५ लाख रुपैयाँबाट डिपिआर तयार गरिएको बताउनु भयो।

रेल्वे कम्पनीका प्रबन्ध निर्देशक भोला शर्माले साढे ८ अर्ब लागतमा ५० किलोमिटरको रेल सेवा संचालन हुने बताउँदै आवश्यकताअनुसार लुम्बिनी, गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पूर्व पश्चिम राजमार्गमा जोड्ने गरि डीपीआर तयार भएको बताउनु भयो। प्रदेश र नगर पालिकाबाट ५१ प्रतिशत र जनताबाट बाँकी लगानीको तयारी रहेको उहाँले बताउनु भयो। शर्माका अनुसार चक्रपथको ४३ फिट भित्री बाटो को छेउँमा जोडेर १४ फिट भागमा ट्राम रेल संचालन हुने छ।

यो विद्युतबाट चल्ने र ७० जना चढ्न मिल्ने लाईट रेल्वे भएको उहाँको भनाई छ। रेल सेवामा दैनिक ३० हजार, ८ लाख मासिक र वर्षमा १ करोड मानिसले सेवा लिने तथा यस बाहेक सामान ढुवानी लगायतको समेत सेवादिन सकिने सम्भावना रहेको उहाँले बताउनु भयो। यसबाट वार्षिक १ अर्ब १० करोड आम्दानीगर्ने र खर्च कटाएर १ अर्ब बचत हुने पनि उहाँको दाबी छ।

शर्माका अनुसार परियोजना सुरु भएपछि एक सय जना स्थायी कर्मचारीले प्रत्यक्ष रोजगारी पाउने छन्। ६ वटा ट्राम टाईगर प्यालेस, ६ वटा ट्राम रो हिणीतर्फ चल्ने छ भने एक दिनमा एउटा ट्राममा एक पटकमा २५ सय चढ्न सक्ने छन्।

५० करोड शेयर पुँजी रहेको रेलेवे कम्पनीको चुक्तापुँजी ५ करोड रहेको छ। काम सुरु भएसँगै चुक्तापुँजी बढाउँदै लगिने कम्पनीले जनाएको छ। २ वर्षमा कार्य सम्पन्न गर्ने गरि रेलवेको सुर्यविनायक कन्ट्रक्सनले ठेक्कापाएको छ। कम्पनीका सचिव डिल्लीनारायण पाण्डेले देशकै नमुना रेल्वे संचालन गर्ने अभियानमा पछिल्लो समय स्थानीयको सहभागीता बढ्दै गएको बताउनु भयो।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

महानगरको निर्णयविरुद्ध अदालतको अन्तरिम आदेश

वीरगञ्ज , ९ पुस

विद्यालयको स्तर वर्गीकरण तथा शूल्क निर्धारणको निर्णय तत्काल कार्यान्वयन नगर्न वीरगञ्ज महानगरपालिकाका नाममा उच्च अदालत जनकपुरले अन्तरिम आदेश जारी गरेको छ । राष्ट्रिय आवासीय तथा निजी विद्यालय एशोसिएसन नेपाल (एनप्याब्सन)पर्साले महानगरपालिकाले जारी गरेको विद्यालय वर्गीकरण तथा शूल्क निर्धारणविरुद्ध रिट दायर गरेको थियो । उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जका न्यायाधीश सुदर्शनदेव भट्टको एकल इजलासले रिटमाथि सुनुवाइ गर्दै निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको हो । महानगरले गत मङ्सिर २३ गते वीरगञ्जका ५८ वटा निजी विद्यालयको स्तर वर्गीकरण गर्दै शूल्क निर्धारण गरेको थियो ।

महानगरले छ वटा विद्यालय 'क' वर्गमा, २४ वटा 'ख' वर्गमा, २७ वटा 'ग' वर्गमा र एउटा विद्यालय 'घ' वर्गमा परेका थिए । यसका लागि महानगरपालिका प्रमुख राजेशमान सिंहको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गरिएको थियो । रिट निवेदनका तर्फबाट अधिवक्ता सुधीर कर्णले बहस गरेका थिए । रासस

"कार्टेलिङ" अध्ययन गर्न निर्देशन

काठमाडौँ, ९ पुस

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आन्तरिक हवाई उडानमा हुँदै आएको 'कार्टेलिङ' अध्ययन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई निर्देशन दिएको छ । आन्तरिक उडान गर्दै आएका बुद्ध, यती, श्री र सौर्य एयरलाइन्सले आपसी मिलेमतोमा आफुखुसी हवाई भाडादर निर्धारण गरेपछि मन्त्रालयले अध्ययनका लागि प्राधिकरणलाई निर्देशन दिएको हो । आन्तरिक उडान गर्ने कम्पनीले हवाई उडानमा कार्टेलिङ गरिरहेको सूचनाका आधारमा अध्ययन अगाडि बढाउन निर्देशन दिएको मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले बताए । उनले भने , "कार्टेलिङको विषयमा उठेको कुरासम्बन्धी अध्ययन गर्न नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिएका छौं, कार्टेलिङ भएको पुष्टि भएमा कारबाही हुनेछ।"

मिलेमतोमा भाडा निर्धारण गर्न नमिल्ने भएकाले यस्तो क्रियाकलाप नियन्त्रण गर्नमा लाग्ने उनको भनाइ छ।आन्तरिक हवाई कम्पनीले गर्दै आएको कार्टेलिङको राष्ट्रिय योजना आयोगले समेत अध्ययन गरिरहेको बताइएको छ । हवाई कम्पनीको कार्टेलिङको अध्ययन गर्न आयोगका सदस्य डा रामकुमार फुयाँलको नेतृत्वमा कमिटी बनेको छ । आयोगका तत्कालीन उपाध्यक्ष डा विश्व पौडेलले सार्वजनिक यातायातको क्षेत्रमा भइरहेको सिन्डिकेट र कार्टेलिङको अध्ययन अघि बढाउँदै त्यसको जिम्मा फुयाँललाई दिएको बताइएको छ । मिलेमतोका आधारमा टिकट बिक्री गरेर कार्टेलिङको साम्राज्य खडा गरेको बताउँदै यो विषयलाई गम्भीर रुपमा लिएर अध्ययन अघि बढाइरहेको आयोगले जनाएको छ । नेपाल सरकारले तोकेको न्यूनतम र अधिकतम भाडादरलाई आधार बनाएर वायुसेवा कम्पनीहरुले कार्टेलिङ गरिरहेको आरोप लागेको छ । अहिले कुनै पनि सेक्टरमा उडान गर्ने सबै कम्पनीको हवाई भाडा एउटै कायम रहेको पाइएको छ । रासस

सबैको सुन्ने संसद

सुनिन्छ खैं त ज्यूँदा सांसद । संसदलाई निजी लाभ हानीको सिढी ठान्नेहरूको बिगबिगी रहेसम्म त्यो संसद स्यालको सिंग जस्तो नै हुनेछ मुट्ठीभरले मोज गर्ने बाहेक अरूले नदेख्ने । अहिले स्थिर सरकार सँगै अब्बल डेलिवरी दिने सरकार चाहिएकोछ। बढी दलहरूको गठबन्धनमा सरकार बनाउँदा साना दलहरूको मोलमोलाई बढ्ने संभावना छ त्यँही दुई ठूला दल नेपाली कांग्रेस र एमाले मिलेर सरकार बनाए राज्यतन्त्रमा उनीहरूको वर्चश्व झन बढ्ने जोखिम छ ।यसै परिप्रेक्ष्यमा लोकतान्त्रिक मूल्य पद्धति सहित

संविधान कार्यान्वयनको यात्रालाई डोर्‍याउँदै प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्नु आजको प्राथमिक कार्यभार हो ।

मूलधारबाट टाढा रहेका पात्र र पंक्ति वा मूलधारको संस्थापनप्रति वितृष्णा र आक्रोश राख्नेहरू संसदभित्र आउनु भनेको संसदप्रति भरोसा देखाउनु हो ।

लोक आव्हान छ नि - सुन्नेलाई सुनको माला । हो यो नयाँ संसद सबै पक्षको बह पोख्ने, पिडा सुनाउने र परिवर्तनका लागि साझा चौतारी बन्न सके, सांच्चिकै यो संसद सेफ्टी भल्भको रूपमा विकसित हुनेछ ।

संसदमा नयाँ र पुराना पात्र र पार्टीको उपस्थितिको अर्थ परिवर्तनलाई पुराना अनुभव र नयाँ जोशका साथ अगाडि बढाउनु हो । नदी बाङ्गोटिङ्गो हिडे पनि बढ्ने त अगाडि नै हो ।

दुधको उचित मुल्य नपाएको

पनि गरेको छु' उनले भने 'बजारको दाना चोकरको भर पर्ने हो भने त ३० प्रतिशत पनि फाईदा हुदैन्' पशुपालक कृषकहरुले बजारमा पाईने मंह्रगो दाना, चोकर र परालको मात्रै भर पर्दा दुधमा उत्पादन लागत बढ्ने भएकाले आफैले उत्पादन गरेको धान, मकै, गहुँ, पिना मिलाएर दाना बनाउने र पराल भन्दा पनि व्यवसायीक घाँस खेतीमा जोड दिए उत्पादन बढ्ने र दुधको उचित मुल्य समेत पाईने अर्यालको सुझाव छ ।'सामान्य घरेलु उपायहरु अपनाएर पशुपालन गर्दा घाटा छैन्, पशु बिमाले पनि धेरै रिकभर गर्छ, अलिकति समस्या भनेको गाईमा बाँझोपन, थुनिलोको छ' उनले भने ।

अर्याले जस्तै जितपुरसीमरा वडा नं १५ भवानीपुरका सुर्यप्रसाद लम्सालले २५ वर्षदेखि पशुपालन र दुध बिक्री गर्दै आएका छन् । उनले गाई, भैसीको मिलाएर दैनिक २० लिटर सम्म दुध प्रतिलिटर ७० रुपयाँमा बिक्री गर्दछन् । लम्साल पशुपालनमा किसानहरु आफै अलि बढी चलाख हुनुपर्ने सुझाव दिन्छन् । 'पशुपालक कृषकहरु बढी दानै चाहियो, चोकरै चाहियो भन्नुहुन्छ, चोकरमा त्यस्तो केही छैन् म खुवादिन तैपनि वस्तुको दुध घटेको छैन्' उनले भने 'हामी २०/२२ रुपयाँ किलोमा मकै, धान बेच्छौ अनि ४० रुपयाँ किलोमा ढुटो किन्छौ, म त्यहि मकैको पिठो र १ बोरा धान पिनाएर त्यसैलाई दाना बनाउछु अनि सख्खर मिलाएर खुवाउछु दुध जे का त्यहि आँउछ,जग्गा हुण्डामा लिएर व्यवसायीक घाँस खेति पनि गरेको छु' । अधिकाशं पशुपालक कृषकहरु बजारमा दाना, चोकर, ढुटो,पराल, पशुको औषधी उपचारका मंह्रगो भएको तर दुधको चित्तबुझ्दो मुल्य नपाएको गुनासो गर्दै आएका छन् ।सरकारले प्रतिलिटर दुधको मुल्यको ५६ रुपयाँ ५६ पैसा तोकेको छ तर त्यहि दुध उपभोक्ताको भान्छामा पुग्दा सय रुपयाँ लिटर पर्न जान्छ भने किसानले प्रतिलिटर अधिकतम् ६० देखि ७० रुपयाँ भन्दा पाउदैनन् । जितपुरसीमरा १४ कि शान्ता जमरकट्टेल उन्नत जातको २ वटा गाईको दुध बेचेर मासिक ५० हजार सम्म आम्दानी गरेको बताउछिन् । 'गाईको दुध हो पातलो हुन्छ प्रतिलिटर ५५ देखि ५७ रुपयाँसम्म परेको छ मासिक ५० हजार आम्दानी हुदाँ गाईको खुराकी र घर खर्च मजाले धानेको छु म सन्तुष्टि नै छु' जमरकट्टेलले भनिन् 'व्यवसायीक रुपमा पशुपालन गर्न सके किसानलाई धेरै मर्का छैन् ।किसानहरुले ४० रुपयाँ किलोमा ढुटो, ५० रुपयाँ किलोको चोकर र ५५ रुपयाँ किलोमा दाना खरिद गर्दै आएका छन् । बजारको दाना, चोकर, परालमा मात्रै आश्रित हुदाँ दुधको उत्पादन र गुणस्तर दुवै घट्ने र लागत अधिक हुने जमरकट्टेलको भनाई छ ।पछिल्लो समय सहकारीहरुले गाई भैसी खरिद गर्न ऋण दिने, पशुबिमा, निशुल्क घाँसको बिउ वितरण लगायतका कार्यक्रमहरुले केही सहुलियत भएको उनिहरुको भनाई छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बारा ईकाइका प्रमुख डा. हेमचन्द्र जैशवाल किसानले आफैले उत्पादन गरेका स्रामगी पशुलाई खुवाउदाँ दुध उत्पादन लागत कम पर्ने बताउछन् । 'हामीकहाँ घाँस खेती गर्ने कृषकहरु कम छन् पराल खुवाएर उत्पादन लिने प्रयास गर्छौं भने दुध उत्पादन हुदैन्' प्रमुख जैशवालले भने ।बारा जिल्लामै सबैभन्दा बढी दुध उत्पादन गर्दै आएको डुमरवाना दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष टिकाराम न्यौपानेले स्थानिय तहले किसानको उत्पादन लागत घटाउन स्थानिय श्रोतको उपयोग सम्वन्धि कार्यक्रम ल्याउनुपर्ने बताउछन् ।

'स्थानिय तहले घाँसको बिउ २ किलो दिन्छ हामी वार्षिक रुपमा २२ लाखको घाँसको बिउ किन्छौ,घाँस लगाउ जग्गाको हुण्डा म तिरिदिन्छु भन्न सरकार तयार हुनुपर्यो' डुमरवाना दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष न्यौपानेले भने 'डेरीले रोजगारी सिर्जना गरेको छ, संस्थाको सञ्चालन खर्च छ, सिस्टममा आएको नाफा पनि हामीले किसानलाई दिएकै छौ, किसानले जति दुध उत्पादन गरेपनि सरकारले हामी व्यवस्थापन गछौ मात्रै भन्यो भने यहाँ बजारको माग भन्दा धेरै दुधको उत्पादन हुन्छ ।' डुमरवाना दुग्ध उत्पादक सहकारी संस्थाले दैनिक करिव ११ हजार लिटर दुध संकलन तथा बजारीकरण गर्दै आएको छ भने मासिक करिव १ करोड रुपयाँ पशुपालक कृषकहरुलाई दुधको भुक्तानी दिने गर्दछ । 'हामीसँग दैनिक २० हजार लिटर दुध बेच्नसक्ने क्षमता भएपनि अहिले बजारमा दुध अभाव छ' अध्यक्ष न्यौपानेले भने । संस्थामा २ हजार ५३७ दुध उत्पादक कृषकहरु आवद्ध छन् । संस्थाले बाराको अम्लेखगञ्ज देखि वीरगञ्ज कलैयासम्म दुधको बजारीकरण गर्ने गरेको छ ।

जानकी मन्दिरमा

दासले पूर्वराजा शाहलाई चाँदीको जानकी मन्दिर प्रतिमा भएको मायाको चिनो प्रदान गरेको उनका स्वकीय सचिव तिमल्सिनाले जानकारी दिएका छन् ।

परिवारसहित भ्रमणमा आएका पुर्वराजा शाह हिजो राति जिरोमाइलस्थित सिताशरण होटलमा बसे भने शनिवार वृहत्तर जनकपुर क्षेत्र विकास परिषदको भवनमा रहेको यात्री निवासको भीआईपी गेस्ट हाउसमा बसेका छन । पुजापाठका लागि जानकी मन्दिर पुगेका पुर्व राजा शाहले संचारकर्मीहरुलाई आफ्नो पारिवारिक भ्रमणको क्रममा माता जानकीको पूजापाठका लागि जनकपुरधाम आएको भनी कुनै प्रतिक्रिया दिन चाहेन । श्रोतका अनुसार शनिवार पनि उनी जनकपुरधाममै बस्नेछ र सो क्रममा सांझ आफ्ना समर्थक र राजनीतिक भेटघाट गर्नेछ ।

निजी भ्रमणको क्रममा पुर्वराजा शाह यसअघि पुस ६ गते झापा पुगेका थिए । झापा हुँदै उनी जनकपुरधाम आएका हुन भने जनकपुरधामपछि चितवन क्रिसमस डे कार्यक्रममा सहभागी हुन जाने कार्यक्रममा रहेको स्वकीयसचिव तिमल्सिनाले जानकारी दिए । चितवनमा क्रिसमस डे मनाउने गरी सपरिवार सहभागी हुने कार्यक्रम रहेको छ । चितवनमा पूर्व युवराज्ञी हिमानी, नातिनीद्वय पूर्णिका र कीर्तिका, नाती हृदयन्द्र लगायत आफन्त भेला हुने कार्यक्रम रहेको उच्च श्रोतले जनाएको छ ।

चितवनपछि उनीहरूको सिमरा भ्रमणमा निस्कने कार्यक्रम रहेको छ । सिमरापछि काठमाडौं फर्कने वा फेरि झापामै अंग्रेजी नयाँ वर्ष मनाउनेछ भन्ने विषयमा भ्रमणकै क्रममा तय गरिने स्रोतको भनाइ छ






डेट्रोइट, एमआई - डिसेम्बर द्वघ: डेट्रोइटका बासिन्दाहरूले संयुक्त राज्य अमेरिकाको डेट्रोइटमा डाउनटाउन डेट्रोइटमा चिसो तापमान र हावाको भारी झोंकाको सामना गरे। शुक्रबार मध्यपश्चिमको अधिकांश भूभागमा आएको ठूलो हिउँदे आँधीबेहरीका कारण तापक्रम माइनस ३५ डिग्री फरेनहाइटसम्म झरेको थियो । - मैथ्यू हैचर / गेट्टी इमेजेज / एएफपी (फोटो मैथ्यू हैचर / गेट्टी इमेजेज़ उत्तरी अमेरिका / एएफपी के माध्यम से गेट्टी इमेजेज)

नेपाल टी २० : फार वेस्टर्नलाई हराउदै लुम्बिनी विजयी

मधेशदृष्टि
जनकपुरधाम, पुस ९ ।
नेपाल टी-२० लिगमा फार वेस्टर्न युनाइटेडलाई ६७ रनले पराजित गर्दै लुम्बिनी अलस्टारले आफ्नो विजयी सुरुआत गरेको छ । त्रिवि क्रिकेट मैदानमा लुम्बिनीले दिएको १ सय ५३ रनको लक्ष्य पछ्याएको फार वेस्ट १६.३ ओभरमा ८५ रन जोड्दै अलआउट भएको थियो ।
फार वेस्टका हर्समतुल्लाह शाहिदीले सर्वाधिक ३५ रन बनाए । बिनोद भण्डारी १३ रन र योगेन्द्रसिंह कार्की १० रनबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।
सानदार बलिङ गरेको लुम्बिनीका दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ३ विकेट लिए । सागर ढकालले दुई विकेट लिँदा प्याट ब्राउनल, किशोर महतो र विपुल शर्माले समान एक विकेट लिएका थिए ।
यसअघि मैदानमा टस जितेर ब्याटिङमा उत्रिएको लुम्बिनीले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १ सय ५२ रन बनाएको थयो । लुम्बिनीका लागि ओपनर लाहिरु मिलान्थाले सर्वाधिक ६० रनको योगदान गरेका थिए । उनले, ५० बलमा ८ चौका र १ छक्का प्रहार गरेका थिए ।
कप्तान दीपेन्द्रसिंह ऐरीले ३५ रन, बनाउँदा विपुल शर्मा १२ रनमा आउट भए भने गुलसन झाले ९ बलमा तीन छक्काको मद्दतमा २५ रन जोडे । अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । फार वेस्टको बलिङमा करण केसी र उमार अलीले समान तीन/तीन विकेट लिएका थिए । उद्घाटन खेलमा काठमाडौं नाइट्सले पोखरा एभेन्जर्सलाई २६ रनले हराएको थियो ।लुम्बिनीले दोस्रो खेल बिराटनगर सुपर किङ्ससँग आइतबार खेल्नेछ । फार वेस्टले सोमबार काठमाडौंसँग खेल्ने जनाइएको छ ।

दुर्गम गाउँमा रङ्गशाला बन्दै



ढोरपाटन, ९ पुस
तमान गाउँको बीचमा पहिले सानो खेलमैदान थियो । गाउँलेले त्यसलाई रङ्गशाला निर्माण गर्न सक्रियता देखाए । सुरु-सुरुमा पालिका तथा प्रदेश सरकारबाट बजेट पनि पच्यो । अहिले कुनै पनि निकायबाट बजेटको व्यवस्था हुन सकेको छैन । 'तमान रङ्गशाला' निर्माण थालेको आधा दशक भयो । अहिलेसम्म रङ्गशाला निर्माणले पूर्णता पाउन सकेको छैन । तमानखोला गाउँपालिका-३ तमानगाउँमा निर्माणाधीन ' तमान रङ्गशाला' को कार्य प्रगति ५० प्रतिशतभन्दा माथि जान सकेको छैन । गाउँपालिकाले खेल क्षेत्रको विकास र प्रवर्द्धन गर्नका लागि रङ्गशाला निर्माण अगाडि सारे पनि यस वर्ष बजेट शून्य छ । पहिले विद्यार्थीहरु खेल्ने साँघुरो चौरलाई स्थानीयवासीको सक्रियतामा सम्याएर खेल मैदानको स्वरुपमा ल्याएको स्थानीय भेषबहादुर पुनले बताए । उनले पहिले यो ठाउँ जलमग्न रहेको र यसलाई गाउँलेहरुले जनश्रमदान गरेर खेल मैदानका रुपमा विकास गरेको बताए ।
पुन भन्छन, "यो ठाउँमा पानी जम्थ्यो, पछि यसलाई हामीले सम्याएर सानो मैदान बनाएका थियौं, अहिले डोजर लगाएर यति ठूलो भयो, राम्रो पनि भयो, अब त केटाकेटीहरु पनि रमाएर खेल्न पाउनेछन्, कतै लोट्ला भन्ने डर पनि भएन, मेला महोत्सव गर्दा पनि सजिलो हुने भयो । "लामो समयदेखि खेलमैदानका लागि जनश्रमदान गरेको भन्दै आफूहरुले गरेको दु:ख्को प्रतिफल बिस्तारै यहाँका युवा तथा खेलाडीहरुले पाउने अपेक्षा लिएको उहाँले बताए । स्थानीयवासीको अधिक जनश्रमदान र गाउँपालिका, प्रदेश सरकार तथा केन्द्र सरकारसँगको सहकार्यमा रङ्गशाला निर्माण हुने आश्वासन पाएको उनको भनाइ छ ।स्थानीय भीमबहादुर मगरले गाउँपालिकाले रङ्गशाला निर्माण गर्न थालेपछि बालबालिका र खेलाडीलाई खेल खेल्न सजिलो हुने बताए । धन गौ ज्योति माध्यमिक विद्यालय नजिकै रहेको रङ्गशाला गाउँको केन्द्रमा रहेको हुँदा यसले सिङ्गो तमानखोलाकै गौरव बढाउने बुढामगरको भनाइ छ । उनले रङ्गशाला निर्माणपछि दुर्गम गाउँमा पनि राष्ट्रिय स्तरको खेल आयोजना गर्न सकिने बताए । "यो गाउँमा खेलेर हुर्केका खेलाडी अहिले राष्ट्रिय स्तरमै नाम कमाउन सफल भएका छन्, उनीहरुले उतिबेला राम्रो खेलमैदानमा खेल्ने अवसर पाएनन्, खेल क्षेत्रमा राज्यको लगानी पनि खासै भएको थिएन, अहिले यस्तो विकट गाउँमा पनि रङ्गशाला बन्नु हाम्रो लागि गौरवको कुरा हो", उनले भने । उनले खेलमैदान अभावका कारण यहाँबाट धेरै खेलाडी राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा भाग लिन नसकेको भन्दै रङ्गशाला निर्माणपछि तमानखोलालगायत सिङ्गो बागलुङका खेलाडीलाई ठूलो अवसर प्राप्त हुने बताए ।
खेल क्षेत्रबाट पनि तमानखोलालाई समृद्धितर्फ लैजान सकिने हुँदा रङ्गशाला निर्माणलाई जोड दिएको तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बताए । उनले स्थानीयले निर्माण गरेको सानो खेलमैदानलाई रङ्गशालामा रुपान्तरण गर्न थालेको केही समयमै आधा काम पूरा भइसकेको भन्दै प्रदेश र केन्द्र सरकारसँग समन्वय गरेर काम पूरा गर्ने बताए । "यो रङ्गशाला गाउँपालिकाको गौरवको योजनाअन्तर्गत पर्छ, यहाँ स्थानीयले धेरै समय जनश्रमदान गरेर यति ठूलो मैदान बनेको छ, पहिले सानो-सानो मैदान थियो, यसलाई बढाएर यति ठूलो बनाउने काम स्थानीयहरुबाट भएको हो", अध्यक्ष बुढा मगरले भने , "गाउँपालिकाले पनि केही बजेट विनियोजन गरेर अहिले सम्याउने काम भएको छ, यसमा अझ धेरै काम गर्नु बाँकी छ ।"अध्यक्ष बुढा मगरले रङ्गशाला निर्माण गर्न अहिलेसम्म गाउँपालिका र गण्डकी प्रदेश सरकारको रु ६० लाख खर्च भइसकेको जानकारी दिए । तीन वर्षअगाडि गाउँपालिकाले रु दुई करोडको गुरुयोजना तयार गरेको उनको भनाइ छ । गाउँपालिकासँग पर्याप्त बजेट नभएको भन्दै सङ्घ र प्रदेशसँग सहकार्य गरेर पूरा गर्ने अध्यक्ष बुढामगरले बताए । रङ्गशालामा प्याराफिट निर्माण, घेराबार र सम्याउने काम पूरा हुन सकेको छैन ।
"ग्रामीण क्षेत्रमा रङ्गशाला निर्माण गर्नु सजिलो काम होइन, यद्यपि हामी लाग्यौं, आधा बढी काम पनि सक्यौं, एक करोडको डिपिआर गरेका थियौं, अझै ५० लाख बढी खर्च हुने अनुमान छ, प्रदेश तथा सङ्घीय सरकारबाट बजेट ल्याएर सम्पन्न गर्ने लक्ष्य छ", उनले भने , "यो बजेट गाउँपालिकाले मात्रै विनियोजन गर्न सक्ने अवस्था छैन, त्यसले गर्दा प्रदेश र केन्द्रमा पनि हामीले प्रस्ताव पठाएका छौं, माथिल्लो निकायबाट सहयोग भयो भने केही समयमै यसको निर्माण सम्पन्न हुनेछ ।"रङ्गशाला निर्माणका लागि गाउँपालिका र प्रदेश सरकारबाट विनियोजित रु ६० लाखभन्दा बढी खर्च गरी सकेको र स्थानीयले रु एक करोडभन्दा बढीको जनश्रमदान गरेको अध्यक्ष बुढामगरको भनाइ छ । तमान गाउँसम्म मोटरबाटो जोडिसकेको हुँदा जिल्लाका विभिन्न स्थानबाट समेत खेल खेल्नका लागि तमान गाउँमा पुग्ने सम्भावनमा बढी छ ।
रासस

उत्तर कोरियाद्वारा दुईवटा ब्यालिस्टिक मिसाइल प्रहार

सियोल, ९ पुस
नयाँ वर्षको नीति तय गर्नका लागि प्रमुख राजनीतिक बैठक बस्नु अघि उत्तर कोरियाले शुक्रबार दुईवटा छोटो दूरीको ब्यालेस्टिक मिसाइल प्रहार गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ ।
स्थानीय समयअनुसार अपराह्न ४:३२ बजे प्योङयाङको सुनान क्षेत्रबाट मिसाइल प्रहार गरिएको दक्षिण कोरियाका जोइन्ट चीफ अफ स्टाफ (जेसीएस)ले शुक्रबार एक विज्ञप्ति जारी गर्दै जनाएको छ ।
यसले दुईवटा मिसाइललाई पानीमा प्रक्षेपण गरेको पनि उल्लेख गरेको छ ।
सन् २०२२ मा मात्रै उत्तर कोरियाले ३६औं पटक क्षेप्यास्त्र प्रहार गरेको छ । जापान कोस्ट गार्डले आफ्नो रक्षा मन्त्रालयको जानकारीलाई उद्धृत गर्दै ब्यालिस्टिक मिसाइल जापानको विशेष आर्थिक क्षेत्रभन्दा बाहिर खसेको विश्वास गरेको बताएको छ ।
नेता किम जोङ उनको नेतृत्वमा हाल उत्तर कोरियाले अमेरिका र दक्षिण कोरियाको दबाबका बाबजुद आक्रामकरूपमा मिसाइल परीक्षण बढाएको छ ।सीएनएमले उल्लेख गरेअनुसार यस वर्षको शुरुमा स्याटेलाइट इमेजरीले यसको भूमिगत आणविक परीक्षण साइटमा विभिन्न गतिविधि देखाएको थियो ।दक्षिण कोरियाली लडाकु विमानसँग संयुक्त प्रशिक्षणको लागि कोरियाली प्रायद्वीप नजिकै अमेरिकाले आणविक बमवर्षक र उन्नत स्टिल्थ जेट उडान गरेको तीन दिनपछि गरिएको प्रक्षेपणमा उत्तर कोरियाद्वारा कुनै प्रतिक्रिया आएको थिएन । उत्तर कोरियाले यस्तो सैन्य अभ्यासलाई आक्रमणको पूर्वाभ्यासरूपमा बुझ्ने गरेको छ । (रासस-एएनआई)

फिजीको प्रधानमन्त्रीमा रबुका

सुभा, ९ पुस,
सिटिभेनी रबुका फिजीको नयाँ प्रधानमन्त्रीमा निर्वाचित भएका छन् ।
संसद्ले शनिबार उनी निर्वाचित भएको घोषणा गरेको छ । रावुका, सन् २०२१ मा गठन भएको फिजीको राजनीतिक दल जन गठबन्धनका नेता हुन्। रबुका संसद्को २८ मतले निर्वाचित भए भने अर्का नेता भोरेके बैनिमारामाले २७ मत प्राप्त गरेका छन् ।संसद् का नवनिर्वाचित सभामुख नाइकामा लालबालावुले सो निर्वाचनको परिणाम घोषणा गरेका हुन्।फिजीको सोसल डेमोक्रेटिक लिबरल पार्टी शुक्रबार राबुकाको पिपुल्स अलायन्स र नेसनल फेडरेशन पार्टीसँग मिलेर गठबन्धन बनेको हो । गठबन्धनपछि राबुकाले विजय हासिल गरेका हुन् । यो सँगै फ्रान्क बैनीमारामाको नेतृत्वमा रहेको १६ वर्षे शासनको अन्त्य भएको छ । उनले सन् २००६ मा सैन्य कूद्वारा सत्ता कब्जा गरेका थिए । १६ वर्षमा पहिलो पटक फिजीवासी नयाँ प्रधानमन्त्रीलाई स्वागत गर्ने तयारीमा छन् । (रासस-एएनआई)

बीस दिनमा पचास हजार बढी विदेशीद्वारा श्रीलङ्का भ्रमण

कलम्बो, ९ पुस
आर्थिक अनुशासन कायम गर्ननसक्दा टाट पल्टिएको श्रीलङ्काको अर्थतन्त्रमा केही सुधार देखिएको छ । बितेका २० दिनमा ५० हजारभन्दा बढी अन्तर्राष्ट्रिय पर्यटकले टापु राष्ट्रको भ्रमण गरेका छन् । विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत पर्यटन क्षेत्रमा भएको यो सुधार अघिल्लो महिनाको तुलनामा अधिक भएको पर्यटन विकास प्राधिकरणले बताएको छ । पर्यटकको औसत आगमन दुई हजार पाँच सयभन्दा बढी रहेको तथा यो वर्षको पहिलो ११ महिनामा एक हजार ९०० को हाराहारीमा रहेको प्राधिकरणले जनाएको छ । अघिल्लो वर्ष छ लाख ७८ हजार तीन सय ९२ जना अन्तर्राष्ट्रिय पर्यटकले श्रीलङ्का भ्रमण गरेका थिए । कोभिड-१९ महामारीसँगै आर्थिक एवम् राजनीतिक सङ्कटले जकडिएको देशको अर्थतन्त्रलाई उजिल्याउन गठित वर्तमान सरकारले आगामी वर्ष १५ लाख र अर्को वर्ष ३० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको पर्यटन तथा भूमिमन्त्री हरिन फर्नान्डोले बताउनुभएको छ । (रासस/ सिन्त्वा)

१.७ ट्रिलियन अमेरिकी डलरको सरकारी कोष पारित

वासिङ्टन, ९ पुस,
अमेरिकी प्रतिनिधि सभाले शुक्रबार संघीय सरकारलाई आर्थिक सहयोग गर्ने उद्देश्यले विशेष आर्थिक प्याकेज पारित गरेको छ ।उक्त १.७ ट्रिलियन अमेरिकी डलरको ओम्निबस बिल - बिहीबार सिनेटले पारित गरेर ह्वाइट हाउस पठाइँदैछ । अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार उक्त प्याकेज आफ्नो डेस्कमा पुग्ने बित्तिकै हस्ताक्षर गर्ने बताएका छन् । एक हप्ताको निरन्तर छलफलपश्चात् चार हाजर पृष्ठ लामो उक्त प्रतिवेदन अब राष्ट्रपतिको हस्ताक्षरको पर्खाइमा छ । आर्थिक वर्ष सन् २०२३ को लागि ठूलो खर्च कानूनमा गैर-रक्षा, घरेलु कार्यक्रमका लागि ७७२.५ बिलियन डलर र रक्षा कोषमा ८५८ बिलियन डलर समावेश छ ।
यो रकम अघिल्लो वर्षको तुलनामा झण्डै १० प्रतिशतले बढेको छ ।यसले रुससँग चलिरहेको द्वन्द्वको बीच युक्रेनका लागि करिब ४५ अर्ब डलर आपतकालीन कोष पनि उपलब्ध गराउँदै छ । सैन्य गतिविधिमा ठूलो रकम खर्च गरेकोमा संयुक्त राज्य अमेरिकाको चर्को आलोचना भइरहेको बेला यो कोष आएको हो । (रासस-सिन्त्वा)



मेकोङ नदीका दश दुर्लभ डल्फिन मरे



नोमपन, ९ पुस
कम्बोडियाको एक संरक्षणवादी समूहले यो वर्ष मेकोङ नदीका दश दुर्लभ डल्फिनको मृत्यु भएको बताएको छ ।
यहाँस्थित विश्व वन्यजन्तु कोषले बिहीबार क्राती प्रान्तको मेकोङ नदीमा मरेको इरावदी डल्फिन भेटिएको जनाएको छ ।
एक सय ९३ सेन्टिमिटर लामो, सातदेखि १०वर्षको करिब ८५ किलोग्राम तौल भएको मरेको पोथी डल्फिन भेटिएको जनाउँदै कोषले ' मोनोफिलामेन्ट गिलनेट'मा फसेपछि डल्फिनको मृत्यु भएको बताएको छ ।
मत्स्य पालन प्रशासन र कोषले गरेको अनुसन्धानबाट मृत्युको कारण खुलेको हो । कोषले वयस्क पोथी डल्फिनको मृत्युले मेकोङ नदीमा डल्फिनको प्रजनन क्षमतामा प्रत्यक्ष प्रभाव परेको उल्लेख गर्दै कोषले यो वर्ष उक्त नदीमा १० वटा दुर्लभ डल्फिन मरेका तथा बितेका तीन वर्षमा २८ वटा डल्फिन मरेकामा चिन्ता व्यक्त गरेको छ । मेकोङ डल्फिनलाई लोप हुनबाट जोगाउन कानुनको कडाइका साथ कार्यान्वयन गर्न अपरिहार्य भएकामा कोषले जोड दिएको छ । (रासस/ सिन्त्वा)

तीर्थयात्रु बोकेको गाडी खाडलमा खस्दा ८ जनाको मृत्यु

थेनी ९ पुस,
तमिलनाडुको थेनी जिल्लामा श्रद्धालु सवार कार दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको छ भने नौ वर्षीय बालकसहित दुई जना घाइते भएका छन् । कार सडकबाट करिब ४० फिट तल खस्दा सो दुर्घटना भएको हो ।अन्दिपट्टी नजिकैको सन्मुगासुन्दरपुरम गाउँका दश अयप्पा भक्तहरू सबरीमालाको दर्शन गरेर घर फर्कदै गर्दा शुक्रबार बेलुका उनीहरूको कार दुर्घटनामा परेको थियो। उनीहरू कुमुली पहाडी सडक इराइचलपलम नजिक पुग्दा सो कार खाडलमा खसेको थियो ।"थेनी जिल्लाको कुमुली पहाडको भञ्ज्याङमा सो कार ४० फिट गहिरो खाडलमा खस्दा आठ श्रद्धालुको मृत्यु भएको छ," थेनीका जिल्ला कलेक्टर केभी मुरलीधरनले बताएका छन् । उनले दुई जनालाई उद्धार गरी अस्पताल लगिएको पनि बताएका छन् ।उद्धार गरिएका दुई जनामा ९ वर्षीय बालक समेत रहेका छन् । गम्भीर घाइते भएका उनीहरुलाई नजिकैको सरकारी अस्पतालमा प्राथमिक उपचार गरिएको थियो । दुर्घटनाबारे अनुसन्धान जारी छ । (रासस-एएनआई)

अर्थमन्त्रालयले बजेट नदिदा कृषि औजार कारखाना सञ्चालनमा ढिलाई



मधेशदृष्टि
वीरगञ्ज पुस ९ ।
कृषि औजार कारखाना सञ्चालनको जिम्मा राष्ट्रिय आविष्कार केन्द्रले पाएपनि अर्थमन्त्रालयले बजेट नदिदा तत्काल संचालन नहुने भएको छ ।
उद्योग संचालनका लागि केन्द्रले तत्काल अर्थ मन्त्रालयसँग २१ करोड रुपियाँ माग गरेको र मन्त्रालयले रकम दिन ढिलाई गरेसँगै तत्काल कारखाना संचालनमा आउन नसक्ने भएको हो । कारखानामा रहेका उपकरणहरुको अवस्थाका वारेमा अध्ययन गर्न गठित प्राविधिक कार्यदलले प्रतिवेदन तयार गरी गत कात्तिक १६ गते नेपाल सरकारलाई बुझाएको थियो ।
कार्यदलले कारखानामा रहेका ५४ मध्ये ४३ वटा मेसिन मर्मत पछि सञ्चालन गर्न सकिने प्रतिवेदन अर्थ मन्त्रालयमा बुझाएको छ ।
कृषि औजार कारखाना सञ्चालन समितिका संयोजक तथा वीरगञ्ज भंसार कार्यालयका प्रमुख नवराज ढुगांना प्रतिनिधिसभा र प्रदेशसभा सदस्यहरुको निर्वाचनको कारण बजेट निकासामा ढिलाई भएको बताउँदै केहि दिनमा रकम पठाउने मन्त्रालयले जानकारी दिएको दावी गर्छन ।
कृषि औजार कारखाना संचालनको जिम्मेवारी पाएको राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले २१ करोड रकम तत्काल निकासा नभएसम्म काम अगाडि बढ्न नसक्ने बताए ।
पुनले पुरानो मेशिन मर्मत गरेर मात्र हुदैन केही नयाँ मेशिन जडान समेत गर्नुपर्ने हुन्छ, त्यसको लागि बजेट नआएसम्म कारखाना सञ्चालनको काम अगाडि बढ्न नसक्ने बताए ।
अर्थमन्त्रालयका प्रतिनिधि सहित आविष्कार केन्द्रका प्रतिनिधि, कृषि मन्त्रालयका प्राविधिकहरुको टोलीले कारखानामा रहेका उपकरण तथा मेसिनहरुको अवस्थाका वारेमा अध्ययन गरेको थियो ।
उक्त टोलीले तयार पारेको रिपोर्ट अर्थमन्त्रालयमा २ महिना अघि पेश गरेको छ ।
कारखानामा भएका मेसिनरी औजार पुरानो प्रविधिका रहेको र यसको क्षमता समेत कम हुने भएकोले कारखानालाई पूर्ण क्षमतामा सञ्चालन गर्न अत्याधुनिक प्रविधि भित्राउनु पर्ने कुरा प्रतिवेदनमा उल्लेख छ। सरकारले १० वर्षका लागि कारखाना राष्ट्रिय आविष्कार केन्द्रलाई जिम्मा लगाएको छ ।

वीरगंज भन्सारबाट लक्ष्य भन्दा कम राजस्व असुली

मधेशदृष्टि
वीरगञ्ज पुस ९ ।
भारत तथा तेश्रो मुलुकबाट माल सामान आयातमा गरिएको कडाईका कारण राजस्व असुलीमा प्रत्यक्ष प्रभाव परेको छ ।
मुलुकको प्रमुख भन्सार नाकाको रुपमा स्थापित एकिकृत भन्सार जाँच चौकी आईसिपी वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०७९/०८० को ५ महिनामा ९९ अर्ब ७२ करोड ७१ लाख ५४ हजार राजस्व असुलीको लक्ष्य तोकिएकोमा सो अवधिमा ६३ अर्ब ४५ करोड ७० लाख २५ हजार रुपैयाँ मात्र राजस्व असुली भएको छ ।
तुलनात्मक रुपमा हेर्दा लक्ष्य भन्दा ३६ अर्ब २७ करोड १ लाख २९ हजार रुपैया कम राजस्व असुली भएको छ । लक्ष्य भन्दा झण्डै ३६ प्रतिशत कम राजस्व असुली हुँदा यसको प्रभाव मुलुकको अर्थतन्त्रमा पर्ने देखिएको छ ।
चालु आर्थिक वर्षको ५ महिनामा वीरगंज नाकाबाट हुने मालवस्तुको आयात निर्यात घटनुको साथै भन्सारमा लामो समय देखि नयाँ सवारी साधनको जाँचपास हुननसकेर थन्किनु तथा सवारी साधन नभित्रिएका कारण राजस्व असुली प्रभावित भएको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्र प्रसाद चुडाल बताउँछन् ।
वीरगंज भन्सार कार्यालयको यार्डमा अहिले झण्डै ८ अर्ब रुपैयाँ बराबरका गाडी थन्किएर बसेका छन् ।
त्यसैगरी सरकारले ड्राइ फुड, प्लाष्टिक जन्य खेलौना आदि मालवस्तुको आयातमा लगाएको प्रतिबन्धले पनि राजस्व असुली कम भएको प्रमुख भन्सार अधिकृत चुडालको भनाई छ ।
यसैगरी वीरगंज भन्सार कार्यालयले भन्सार राजस्व तर्फ २२ अर्ब २८ करोड ३ लाख ६७ हजार राजस्व असुली गरेको छ भने मुल्य अभिबृद्धि कर तर्फ २८ अर्ब ९४ करोड ३८ लाख १० हजार राजस्व असुली भएको छ ।
त्यसैगरी अन्त शुल्क तर्फ ४ अर्ब ८५ करोड ३६ लाख २९ हजार असुली गरेको चुडालले जानकारी दिए ।
त्यसैगरी वीरगंज भन्सार कार्यालयले पूर्वाधार कर तर्फ ४ अर्ब ७१ करोड ६ लाख ६८ हजार राजस्व उठाएको छ भने कृषि सुधार शुल्क तर्फ ५६ करोड ३० लाख ९६ हजार असुली गरेको छ ।
वीरगंज भन्सार कार्यालयले सडक मर्मत तथा सुधार दस्तुर तर्फ १ अर्ब २५ करोड ८६ लाख १० हजार राजस्व असुली गरेको छ भने सडक निर्माण तथा सम्भार दस्तुरमा ६८ करोड ९० लाख ८६ हजार राजस्व असुल गरेको वीरगंज भन्सार कार्यालयको तथ्यांकमा उल्लेख छ ।
आईसिपी भन्सार कार्यालयले गत आर्थिक वर्ष २०७८/७९ को ५ महिनामा ८८ अर्ब ६९ करोड ९२ लाख १ हजार रुपैयाँ राजस्व असुली गरी लक्ष्य भन्दा झण्डै ६ अर्ब ८ करोड भन्दा बढी राजस्व संकलन गरेको थियो ।

नगराईनका शैक्षिक र स्वास्थ्य संस्था २२ दिनदेखि ठप्प



मधेशदृष्टि
जनकपुरधाम, पुस ९ ।
जनप्रतिनिधिको आपसी विवादका कारण धनुषाको नगराइन नगरपालिकाकामा शैक्षिक एवं स्वास्थ्य संस्था गत २२ दिनदेखि ठप्प रहेको छ ।
तलब भत्ता माग गर्दै नगरपालिकाका सबै समुदायिक विद्यालय तथा स्वास्थय चौकी बन्द गरी गत २२ दिनदेखि शिक्षक र स्वास्थ्यकर्मी सहितका कर्मचारीहरु नगरपालिका कार्यालयको परिसरमा धर्ना दिदैं आन्दोलनमा छन ।
असार १० गतेभित्र नै सम्पन्न भइसक्नुपर्ने नगरपरिषदबाट बजेट पारित हुन नसक्दा शिक्षक, स्वास्थ्यकर्मी र कर्मचारीहरु गत ५ महिनादेखि तलब भत्ता लगायतका सेवा सुविधाबाट वञ्चित भएका छन । शिक्षकहरु नै आन्दोलनमा होमिएपछि पालिकाका १६ वटै विद्यालय बन्द छन् । विद्यार्थीहरुले अर्धवार्षिक परीक्षा समेत दिन पाएनन् । सो पालिकाका झण्डै १० हजार विद्यार्थीको पठनपाठन अवरुद्ध भएपछि यो वर्षको पढाई नै अन्यौलमा परेको छ । एसईई परिक्षा नजिकिदै गर्दा लामो समयदेखि विद्यालयमा पढाई बन्द हुँदा विद्यार्थीलाई आफ्नो भविष्यको चिन्ता भएका छ ।
पठन पाठनको माग गर्दै विद्यार्थीहरु समेतले दुई दिन जनकपुरधाम–जटही सडकखण्डमा मेयर–उपमेयरको पुत्ला दहन गर्दै चक्का जाम गरेर आन्दोलन गरे । तर समस्या समाधान भएन । शिक्षकहरुको तलब भत्ताको माग गर्दै आन्दोलनरत शिक्षकको समर्थनमा शिक्षकहरुको संघ संगठनले शुक्रवार एक दिन विद्यालय बन्द समेत गरे । तर समस्या समाधान हुन सकेन । अब शिक्षक संघ संगठनहरु कडा आन्दोलनको तयारीमा जुटेका छन ।
यता गत दुई दिनदेखि एक्कासी बढेको चिसोले सर्वसाधारण बिरामी समेत पर्न थालेका छन । तर स्वास्थ्य चौकीहरु नै बन्द भएपछि उनीहरुलाई उपचारको समस्या भएको छ । चिसोले गर्दा खासगरी सर्दी, खाँसी र निमोनिया सहितका बिरामीहरुको संख्या बढेको छ । स्वास्थ्यकर्मीहरुको आन्दोलनले स्वास्थ्य संस्था बन्द भएपछि बिरामीहरु जनकपुरधाम प्रादेशिक अस्पताल तथा निजी अस्पतालमा उपचार गराउन जान बाध्य भएका छन ।
नगराईनका विनोद यादवले भने एक्कासी बढेको चिसोले छोरा बिरामी परेपछि स्वास्थ्य चोकी बन्द भएको कारण जनकपुरधाम उपचार गराउन आउनु परेको दुखेसो सुनाए ।
नगरपालिकाका मेयर रामविनय यादव र उपमेयर राधिका यादवबीच योजना कसले चलाउने भन्ने कानूनी विवादको कारणले गर्दा नगरपरिषद हुन नसकेको हो । त्यहाँ मेयर नेपाली कांग्रेस र उपमेयर नेकपा एमालेबाट निर्वाचित भएका छन् । कार्यपालिका बोर्डको १९ सदस्यमा कांग्रेसको मेयरसहित ६ जना र एमालेको उपमेयर सहित १३ जना सदस्य रहेको छ । उपमेयर बहुमतमा भएको कारण आफूले चाहेर पनि समस्या समाधान गर्न नसकेको मेयर विनय यादवले बताएका छन । उपमेयर एवं एमालेबाट निर्वाचित भएका केही वडाध्यक्षहरुको हठका कारण परिषद हुन नसकेको आरोप लगाए ।
उपमेयर राधादेवी यादवले जनमतलाई कदर गरी नगर परिषद्का लागि कार्यपालिका सदस्यहरूले दर्ता गर्न खोजको प्रस्ताव निर्वाधरूपमा दर्ता हुनुपर्ने, स्थानीय सरकार सञ्चालन कार्यविधि २०७४ अनुसार परिषदपूर्व पालिका सञ्चालनका लागि आवश्यक विभिन्न क्षेत्रगत समितिहरूको पूर्णता दिनुपर्ने लगायतका माग पुरा नभएसम्म परिषद हुन नदिने अडान लिएर बसेकी छिन ।
उनले भनिन् मेयरले बहुमत र जनमतको अपमान गरेर स्वेच्छाचारी र तानाशाही देखाएको कारण नगर परिषद हुन सकेको छैन् । २०७६ मा स्थानीय तह संचालन समबन्धी गरिएको संशोधन खारेज गरेर परिषद गर्न मैले बारम्बार भनेकी छ,' उनले थपिन् ।

तेली समाजको सल्लाहकार समिति गठन



मधेशदृष्टि
जनकपुरधाम, पुस ९ ।
तेली कल्याण समाज नेपालको ८ सदस्यीय सल्लाहकार समिति गठन भएको छ ।
सर्लाही जिलाको हरिवनमा आयोजित बैठकबाट समाजकोसल्लाहकार समिति गठन गरिएको जनाइएको छ । समाजको केन्द्रीय अध्यक्ष विश्वनाथ साहको अध्यक्षतामा रहेको समितिमा पूर्व मंत्री अरविंद साह, पूर्व प्रदेश सांसद राजेश्वर प्रसाद साह, पूर्व प्रदेश सांसद नेत्रबिक्रम साह, पूर्व वरीय उपाध्यक्ष जगदीश साह लगायतका रहेका छन ।
त्यस्तै पूर्व उपाध्यक्ष दुर्गा प्रसाद साह, राजेन्द्र प्रसाद गुप्ता, पूर्व केन्द्रीय सदस्य गणेश प्रसाद साह, पूर्व मेयर बजरंग प्रसाद साहको पनि मनोनयन गरिएको जनाइएको छ ।
बैठकमा वरिष्ठ उपाध्यक्ष उदेश्वर प्रसाद साह, महासचिव सत्यनारायण साह, ब्रह्मपुरी गांव पालिका अध्यक्ष रामपदार्थ साह र जिल्ला अध्यक्ष लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

नयाँ विद्यार्थीलाई स्वागत



मधेशदृष्टि
वीरगञ्ज पुस ९ ।
ठाकुर राम बहुमुखी क्याम्पसका विविए सेकेन्ड समेस्टर २०७८ का विद्यार्थीहरुले विविए फस्ट समेटस्टर २०७९ का विद्यार्थीहरुलाई स्वागत गरेका छन् । वीरगंज महानगरपालिकाका उप प्रमुख इम्तियाज आलमको विशेष उपस्थितिमा स्वागत कार्यक्रम सम्पन्न भएको थियो । स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै उप प्रमुख इम्तियाज आलमले २०४९ सालमा आफू पनि ठाकुर राम बहुमुखी क्याम्पसको विधार्थी रहेको र अहिले यहि क्याम्पसको कार्यक्रममा प्रमुख अतिथिको भूमिका रहदा आफूलाई गौरवान्वित भएको बताए । उपप्रमुख आलमले आफू ठाकुर राम बहुमुखी क्याम्पसकै योगदानको कारण राजनीतिमा आएको र अहिले आफूलाई यो स्थानमा पुर याउने काममा समेत क्याम्पसको महत्वपूर्ण भूमिका रहेको भन्दै ठाकुर राम बहुमुखी क्याम्पसलाई सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

रामगढवा र माईस्थानमा रक्तदान

मधेशदृष्टि
वीरगञ्ज पुस ९ ।
वीरगंजको रामगढवा र माईस्थानमा आयोजित छुट्टाछुटै कार्यक्रममा शनिवार १ सय ११ जनाले रक्तदान गरेका छन् । वीरगंज महानगरपालिका वडा नम्बर २४ रामगढवामा ब्रम्हबाबा टोल सुधार तथा बचत समुहले आयोजना गरेको रक्तदान कार्यक्रममा ३ महिला सहित ६१ जनाले रक्तदान गरेको समुहका अध्यक्ष चन्द्रीका प्रसाद कुर्मीले जानकारी दिए । रक्तदान कार्यक्रमको वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले उद्घाटन गरेका थिए । कार्यक्रममा नगर प्रमुख सिंहले सामाजिक सेवाका लागि रक्तदान गर्नु जिवन दान दिनु सरहको पुण्य भएको हुँदा बीरगंजमा रगतको अभाव हुन नदिन महानगरपालिकाले सम्बन्धित निकायलाई सहयोग गर्दै आएको बताए । सो अवसरमा श्रीराम पटेल, प्रमोद पटेल, पवन पटेल, निरन्जन कुमार, अन्जु देवी, मुर्ती देवी लगायतले रक्तदान गरेका थिए । कार्यक्रममा प्राविधिक सहयोग रक्तसंचार केन्द्र वीरगंजले गरेको थियो ।
यसैविच रोटरी क्लब अफ वीरगञ्ज मेट्रोपोलिसको आयोजनामा वीरगञ्जको माईस्थान चोकमा सम्पन्न कार्यक्रममा ५ महिला सहित ५० जनाले रक्तदान गरेका छन् । रोटरी क्लब अफ वीरगञ्ज मेट्रोपोलिस क्लबका अध्यक्ष सुरेश गोर्खालीको अध्यक्षतामा भएको कार्यक्रममा अमित सर्राफ, सौरभ वर्णवाल, प्रिती गुप्ता, रामविनय यादव, पियुश दारुका, मुस्कान अग्रवाल लगायतले रक्तदान गरेका छन् ।
चिसो मौसम शुरु भएसँगै रगतको अभाव हुने हुँदा रक्तदान कार्यक्रमको आयोजना गरिएको रोटरी क्लब अफ वीरगञ्ज मेट्रोपोलिसका सचिव चन्दन सिंहले बताए । कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, युवा नेता ओमप्रकाश सर्राफ, वीरगञ्ज युवा समाजका अध्यक्ष कमल चौगाई, डा. आनन्द झा, अभिषेक चौधरी लगायतको उपस्थिती रहेको थियो ।

गिरिजाप्रसाद कोइरालाको शालिक बन्दै

मधेशदृष्टि
वीरगञ्ज पुस ९ ।
गिरीजा प्रसाद कोईराला फाउण्डेसन पर्साको आज सम्पन्न बैठकले गणतन्त्रका नायक स्वर्गीय कोईरालाको स्मृतिमा विभिन्न कार्यक्रम गरि मनाउने निर्णय गरेको छ । गिरीजा प्रसाद कोईराला फाउण्डेसन मधेश प्रदेशका अध्यक्ष महम्मद सहाबुद्दिनको सभापतित्वमा सम्पन्न बैठकले आगामी चैत ७ गते वीरगंज महानगरपालिका वडा नम्बर २ इदगाह चोकमा स्व. कोईरालाको शालिक अनावरण गर्ने निर्णय गरेको छ ।
यस्तै आगामी पुष १९ गते प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचनमा सत्ता गठबन्धनबाट निर्वाचित सदस्यहरुलाई सम्मान गर्ने, फागुन २७ गते वीरगंजमा दोश्रो गिरीजा प्रसाद कोईराला गोल्ड कप प्रतियोगिताको आयोजना गर्ने, गिरीजा प्रसाद कोईराला फाउण्डेसन मधेश प्रदेश सभापति महम्मद सहाबुद्दीनले जानकारी दिए । बैठकमा जय मंगल कापर, धिरज कुमार गुप्ता, सहसचिव मिन्दु देवी सिंह, जितेन्द्र सिंह, पुरुषोत्तम दुबे, वडा बुथ सभापति शेख नेजामुद्दीन, दिपेश श्रीवास्तव लगायतको उपस्थिति रहेको थियो ।

रोजगार बनौ ! Admission Open रोजगार बनौ !
जनकपुर अंचल भरिमै लगातार उत्कृष्ट रुपमा रिजल्ट ल्याउन सफल एकमात्र सु–प्रसिद्ध तालिम केन्द्र
शंकर टेक्निकल
शैक्षिक सत्र २०७९/०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट खाली रहेको हुनाले C.T.E.V.T. को कुनै पनि संकायबाट प्रवेश परिक्षा उतिर्ण विद्यार्थीहरुले ७ दिन भित्र आफनो शैक्षिक प्रमाण पत्र सहित निवेदन दिन हुनकालागि जानकारी गराउँद छौ ।संचालनका लागि आवदेन फारम भर्ने सम्बन्धि अत्यन्त जरुरी सुचना !
DIPLOMA PROGRAMMS
ल्याव टेक्निसियन (C.M.L.T.) ३ बर्षे
PRE-DIPLOMA PROGRAMMS
बिद्युत सब-ओभरसियर (E.S.O.) १८ महिने ।
सिभिल सब-ओभरसियर (C.S.O.) १८ महिने ।
सर्भे ईन्जिनियरिंग (अमिन नाप) १८ महिने ।
कोर्षहरुमा Diploma को लागि S.L.C. पास तथा SEE मा न्यूनतम 2 GPA तथा प्रि-डिपलोमाको लागि S.L.C. पास तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ-आफ्नोसिट सुरक्षित राखी मौकाको फाइदा उठाउनुहोस् ।
सम्पर्क स्थान:
शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर
जिरोमाइल (कवरगाह देखि दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम-७
☎041–421362, 9812091464, 9854020564, 9844038367

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल